पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार
राष्ट्रिय दैनिक

# टुडे एक्सप्रेस

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

वर्ष १६ | अंक ३२४ | पृष्ठ ८ | २०७८ असोज २४ आइतवार ( 2021 OCTOBER 10 SUNDAY ) | मुल्य रु ५।-

भ्रष्टाचार गर्नेमाथि छानबिन गर्न अध्यक्ष नेपालको... ०३ | बालिकाको मृत्यु भएपछि कर्णाली प्रदेश अस्पताल.. ०५ | दुई जलविद्युत आयोजनाका लागि बोर्डबाट ७३ अर्ब ०७

# हराउँदै पिङ संस्कृति



**गलेश्वर** / टुडेएक्सप्रेस

दसैँमा एकछिन भए पनि धर्तीमा टेक्नु हुँदैन' भन्ने परम्परागत कथन छ। यस कथनमा कतिको वैज्ञानिक कारण छ त्यो त अलग्गै विषय हुनसक्छ। यही कथनलाई चरितार्थ गर्दै दसैँका बेला गाउँ शहर जताततै हालिने लिङ्गे पिङ पछिल्ला केही वर्षयता हराउँदै जान थालेका छन्।

म्याग्दीका गाउँदेखि ठूला शहरबजारमा हिन्दूको महान् चाड दसैं आउनु केही समयअघिदेखि नै लिङ्गे पिङ हालेर खेलिने मौलिक परम्परा पछिल्लो पुस्तामा कम चासो भएसँगै हराउन थालेका हुन्। कोरोना भाइरस सङ्क्रमण जोखिमका कारण दसैँका बेला हालिँदै आएको पिङ हालिएको छैन। विगतमा दसैँ आउनुअघि नै कोही डोरी त कोही बाँस तथा काठको जोहो गर्न थाल्थे। अनि जिल्लाका विभिन्न स्थानमा दर्जनौं दर्जन लिङ्गे पिङ हालेर बालबालिकादेखि युवाको भीड हुने गर्थ्यो। विस्तारै समाजका युवाले आधुनिक कलासंस्कृतिलाई अँगाल्न लागेपछि मौलिक संस्कृतिका अङ्ग पिङप्रति बेवास्ता बढेको पाइन्छ।

केही वर्षअघिसम्म दसैँ, तिहारजस्ता चाडपर्वमा गाउँ शहर जताततै लिङ्गे पिङ हालिन्थ्यो, आआफ्ना साथीभाइ, दौतरीसँग भेला भएर चचहुइई गर्दै पिङमा मच्चिएर रमाइलो गरिन्थ्यो तर पछिल्लो समय गाउँगाउँमा खेलिने लिङ्गे पिङको चलन बिस्तारै हराउँदै गएको म्याग्दीका ग्रामीण क्षेत्रका ज्येष्ठ नागरिकले बताएका छन्।

दसैँका बेला गाउँका चौतारी, दोबाटो र डाँडामा जम्मा भएर सामूहिक लिङ्गे पिङ खेल्ने र रमाइलो गर्ने परम्परा बिस्तारै हराउँदै गएको बेनी नगरपालिका-२ खबराका राजाराम शर्मा ९सापकोटाले० बताउनुभयो। हामी तन्नेरी हुँदा खरबारीमा गई बाबियो काटेर ल्याइन्थ्यो, अलि पाको मान्छेलाई बाबियाको डोरी बाट्न लगाइन्थ्यो, बाँस वा जङ्गलबाट काठ ल्याएर खावा हालिन्थ्यो र मज्जाले पिङ खेलिन्थ्यो, उहाँले भन्नुभयो, अहिले त पिङ होइन, मोबाइलमा पब्जी र केके खेल्छन्, पिङ हाल्ने जाँगर कहाँ पाउनु अहिलेको पुस्तामा। अहिलेका युवापुस्ता आफ्ना परम्परागत मान्यता, सीप र प्रविधितर्फ उदासिन बन्दै गएकाले चाडपर्वको मौलिकता पनि हराउँदै गएका बगरफाँटका ९२ वर्षीय खड्गबहादुर थापाले बताउनुभयो।

उहाँले भन्नुभयो, विशेषगरी युवा पुस्ताले लिङ्गे पिङ निर्माण गरेर खेल्ने र रमाइलो गर्ने चलन थियो, अहिलेको पुस्ताले यस्ता कुरामा खासै चासो दिँदैनन् ।आधुनिकताको विकासक्रमसँगै विभिन्न मेला महोत्सवमा राखिने आधुनिक प्रविधिको पिङ खेल्न पाइने भएपछि परम्परागत पिङप्रति चासो तथा चाहना मानिसमा हराउन थालेको छ, उहाँले भन्नुभयो, दसैँका बेला यहाँ केही वर्षसम्म लिङ्गे पिङ गाउँगाउँमा राखिन्थ्यो, खेलिन्थ्यो। त्यति मात्रै नभई प्रायःजसोका घरघरमा समेत बाबियोको डोरी बनाएर पिङ हालेर खेल्दै आयौँ तर अहिले घरघरमा त के, गाउँमै पिङ लोप हुन थालेको छ।

गाउँघरका युवादेखि बुढापाका मिलेर खरबारीमा गई बाबियो काटेर रातमा पिङको लुठो बाटेर दिनमा बाँसको चारवटा लिङ्गा गाडेर अथवा पीपल आदि ठूलो रुखको हागाँमा पिङ बनाउने गरिन्थ्यो। दसैँको सुरुआतदेखि हालेको पिङ तिहारसम्मै राखिन्थ्यो तर गाउँ घरका युवा रोजगारीका लागि विदेशिन थालेपछि दसैँमा रौनक थप्ने लिङ्गे पिङ खेल्ने संस्कृति हराउँदै गएको स्थानीयवासीको भनाइ छ। आवश्यक सामग्री र बनाउने मान्छेको कमी छ। दक्ष जनशक्तिको अभावका कारण पनि पिङ संस्कृति हराउँदै गएको बताइएको छ। वैदेशिक रोजगारीबाट फर्केका युवाको गाउँमा पनि पिङको कुनै रौनक छैन। उनीहरू भेला भएर भलिबल, ब्याडमिन्टन, फुटबल र मोबाइलमा नानाथरिका खेल खेलिरहेका हुन्छन्। साथीभाइ भेला हुने, पार्टी खाने र रमाइलो गर्ने नाममा बजार र गाउँमा होटेल तथा रेष्टुरेन्टमा युवाको जमात देखिन्छ। तर पिङ हालेर खेल्ने र परम्परागत प्रविधि तथा चलनहरूको संरक्षण गर्ने कार्यमा भने उनीहरू लाग्न नरुचाउने गरेका बेनीका ओमलाल घिमिरेले बताउनुभयो।

पिङ बनाउनका लागि बाबियो काटेर ल्याउने, लुठो बाट्न र चार वटा बाँस गाड्न कम्तीमा आठ/१० जना मानिस आवश्यक पर्छ। गाउँमा युवापुस्ताको उदासिनता र आधुनिकताको नाममा आयातित विभिन्न प्रविधिको बढ्दो मोहका कारण महान चाड दसैँ र तिहारमा निर्माण गरेर खेल्ने लिङ्गे पिङको प्रचलन बिस्तारै हराउँदै गएको जानकारहरू बताउँछन्।

# बाँदरले गरायो उठिबास !



**टुडे एक्सप्रेस** / विटारनगर

बैतडी, असोज २३ गते। बाँदरले खेतीपाती नास गरेर गाउँमा आतङ्क मच्चाउन थालेपछि बैतडीको दशरथचन्द नगरपालिकाको वडा नम्बर ५, ६, ८ र १० का एक हजारभन्दा बढी परिवार गाउँबाट विस्थापित भएका छन्।

भारतबाट नेपाली सिमानाका झुलाघाटमा छोडिएका बाँदरले खेतीपाती मात्र होइन, भान्साकोठामा पकाएको खानासमेत खोसेर खान थालेपछि दशरथचन्द नगरपालिका-८, धौल्याली गाउँका टेकराम टमाटा, चन्द्री टमाटा र शिवराम टमाटा लगायत दर्जनौँ परिवार भारत पलायन भएका हुन्।

बाँदर आतङ्कका कारण दशरथचन्द नगरपालिका-५,को पल्लाचौडाली वडा नम्बर ८ को धौल्याली, साङडी, पुजरगाउँ र वडा नम्बर १० को भटाला, झाका, बुड्डा, खडेनी, तिर, लगायतका गाउँबाट करिब एक हजार पाँच सयभन्दा बढी परिवारले गाउँ छाडेर हिँडेका छन्। यही कारण दशरथचन्द नगरपालिकाका पाँचवटा विद्यालय विद्यार्थी संख्या नपुग्दा बन्द भएको दशरथचन्द नगरपालिका शिक्षा शाखा प्रमुख मोसन नाथले बताउनुभयो।

बाँदर आतङ्कका कारण गाउँलेहरू परिवारसहित विस्थापित भएपछि दशरथचन्द नगरपालिका-८, मा रहेका रणशैनी आधारभूत विद्यालयमा छ जना विद्यार्थी र आठ जना शिक्षक छन्। विद्यार्थी संख्या कम भएपछि उक्त विद्यालय जगदम्बा मावि रानी मुङ्गामामा समाहित भएको नाथले बताउनुभयो। उहाँले भन्नुभयो, "विद्यार्थी संख्या नुहँदा शिक्षकले मात्र तलब खाएर बस्नुपर्ने भएपछि उक्त विद्यालय समायोजन गरिएको छ। शिक्षा शाखा प्रमुख नाथका अनुसार दशरथचन्द नगरपालिका-१०, को शान्तिप्रकाश आधारभूत विद्यालय, रणशैनी आधारभूत विद्यालय र ज्ञानेश्वर आधारभूत विद्यालय अन्य विद्यालयमा गाभिएका छन्। त्यस्तै वडा नम्बर ६ को जगन्नाथ आधारभूत विद्यालय, दनपा- ८, को रणसैनी आधारभूत विद्यालय र त्रिपुरासुन्दरी आधारभूत विद्यालय समायोजन भएका छन्।

गाउँको विद्यालय बन्द भएर अन्तै समायोजन भएपछि बसाइँसराइँ गर्न नसक्ने परिवारका नेपाली विद्यार्थी सीमापारि भारतको पिथौरागढ जिल्लाको झुलाघाटस्थित राजकीय विद्यालय जाने गरेका छन्। गाउँका विद्यालय बन्द हुँदा भारतीय विद्यालयमा गएर पढ्नु पर्ने वाध्यता रहेको स्थानीय विद्यार्थी दिवान बिष्टले बताउनुभयो ।सीमापारि गएर अध्ययन गर्दै आउनुभएका बिष्टले भन्नुभयो, गाउँमा भएका सबै विद्यालय बन्द भइसके। भारतीय सीमा नजिक बस्ने हामी जस्ता विद्यार्थीलाई भारततिरै गएर पढ्न सजिलो छ।

समाचार सङ्कलन गर्न झुलाघाट पुग्दा भारतीय स्कुलबाट फर्किंदै गरेका नेपाली विद्यार्थी मोहित महरले नेपाली राष्ट्रिगान थाहा नभएको बताउनुभयो। विद्यार्थी सङ्ख्या नपुगेपछि ज्ञानेश्वर आधारभूत विद्यालय पनि दानेश्वर माविमा समायोजन भएको छ। गाउँमा रहेको विद्यालय अपायक पर्ने ठाउँमा मर्ज भएपछि स्थानीय साङ्डी गाउँका १५ जना विद्यार्थी सीमा पारि भारतीय स्कुल जाने गरेको स्थानीयवासी रघुवीर थापाले बताउनुभयो।

भारतबाट हजारौँ सङ्ख्यामा हरिद्वारका बाँदर नेपाली सीमा नजिक झुलाघाटमा ल्याएर छाड्ने गरिएको छ। भारतको उत्तराखण्ड राज्यको पिथौरागढ जिल्लाको मजिर काँडा ग्राम पञ्चायतको पूर्व सभापति सुरेन्द्र आर्यका अनुसार राज्य सरकारले राति राति गाडीका गाडी बाँदरहरू ल्याएर झुलाघाटको जङ्गलमा छाड्ने गर्छ। "यो खासमा नेपालको समस्या हैन, उहाँले भन्नुभयो, "यो चुनौती हाम्रो चुनौती हो। राज्य सरकारले राति सुतका बेला गाडीका गाडी ल्याउँछ। नेपालको वैतडी र भारतको पिथौरागढ जिल्लाको सीमा जोडिएको छ।

बाँदरले दुःख दिन थालेपछि दशरथ चन्द नगरपालिका- १० बुड्डा गाउँका २० परिवारले गाउँ छाडेको स्थानीय स्वास्थ्य स्वयंसेविका मञ्जु चन्दले बताउनुभयो। बाँदरकै कारण आफूले विगत दुई वर्षदेखि खेतीपाती गर्न छोडेको चन्दले बताउनुभयो।

हरिद्वारका बाँदरले गाउँमा लगाएको खेतीपाती सखाप पार्न थालेपछि हुनेखानेहरू तराईतिर झरेको र गरिब बिपन्न परिवार भारत गएपछि स्थानीय कैलपाल आधारभूत विद्यालयमा विद्यार्थी नहुँदा स्कुल बन्द हुने अवस्थामा पुगेको प्रधानाध्यापक लक्ष्मण थापाले बताउनुभयो।

बाँदरका कारण दरशथ चन्द नगरपालिका वडा नम्बर ४, ५, ६, ८ र १० को गाउँका किसानले खेतीपाती लगाउन छोडेर परिवार बसाइँ सर्न थालेपछि दशरथ चन्द नगरपालिकाले बाँदर धपाउन १० लाख रुपियाँ बजेट खर्च गरेको उपप्रमुख मीना चन्दले बताउनुभयो। उपप्रमुख चन्दले भन्नुभयो, बाँदर धपाउन १० लाख बराबरमा मेसिन ल्यायौं तर बाँदर भगाउन सकेका छैनौं।

# योग्य साथीलाई उचित जिम्मेवारी दिइनेछ : प्रधानमन्त्री देउवा



**टुडे एक्सप्रेस** / काठमाण्डौ

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मन्त्रिपरिषद् विस्तारमा समेट्न नसकेका योग्य र क्षमतावान् पार्टीका साथीलाई उचित जिम्मेवारी दिने आश्वासन दिनुभएको छ।

स्कूल अफ डेमोक्रेसी, अमेरिका शाखाले प्रकाशन गरेको 'विश्वेश्वरप्रसाद कोइराला: शताब्दी सन्दर्भ' पुस्तकको आज विमोचन गर्दै उहाँले शुक्रबारको मन्त्रिपरिषद् विस्तारमा योग्य साथी छुटेकामा आफूलाई दुःख लागेकोसमेत बताउनुभयो। क्षमतावान् र योग्य साथीलाई आगामी दिनमा उचित जिम्मेवारी दिँदै जाने बताउँदै उहाँले आफ्नो बाध्यता बुझिदिन आग्रह गर्नुभयो।

सांसद मीन विश्वकर्माले बीपी कोइराला, प्रजातन्त्र र कांग्रेस एक अर्काका परिपूरक भएको बताउँदै जनतालाई प्रजातन्त्रको अर्थ, महत्व र अभ्यासका बारेमा बुझाउनुपर्ने आजको आवश्यकता भएको बताउनुभयो।

राष्ट्रियसभाअन्तर्गत दिगो विकास समितिका सभापति तारादेवी भट्टले संयुक्त राष्ट्र सङ्घले हाल अघि बढाएको दिगो विकासको लक्ष्य बीपी कोइरालाले आफ्नो समयमा परिकल्पना गरेको सिद्धान्त र विचारसँग मिल्दोजुल्दो भएको बताउनुभयो।

कार्यक्रममा पूर्वराजदूत दिनेश भट्टराई, संविधानविद् डा विपिन अधिकारी, स्कूल अफ डेमोक्रेसीका केन्द्रीय अध्यक्ष र एवं नेपाल विद्यार्थी सङ्घका पूर्वअध्यक्ष नैनसिंह महरलगायतले बीपीका सिद्धान्त आज पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गर्दै बीपीका बारेमा थप अध्ययन र अनुसन्धानको खाँचो औँल्याउनुभयो।

# जनकपुरमा संयुक्तक्लबहरूको शुभकामना रैली

**टुडे एक्सप्रेस** / विटारनगर

जनकपुरधाममाश्री महाविर युवाकमिटी र श्री रामयुवा कमिटीको संयुक्तआयोजनामाहिजो दशबाह्रवटा स्थानियक्लबहरू नगर परिक्रमागरि शुभकामना रैलि गरेका छन्।

प्रत्येक बर्ष दशैको अबसर पारेर नगर भित्र सांस्कृतिक रुपमा सकृय रहेका स्थानियक्लबहरू बिभिन्नगतिबिधिगर्दै आइ रहेकोमा यस बर्ष पनिबौधिमाइको मंन्दिर( श्री रामयुवा कमिटि) को प्रांगणबाट रैली शुरुभइभानु चौक,मुरलीचौक पेठिया गाछि हुदै महाबिर चौक भएर राजदेवीमंन्दिरको प्रांगणमा आएर समापनभएको थियो।





# बिधालय जादैनन् मुसहर र डोम बालिका भर्ना भएकाहरूलाई बिधालयमा टिकाउनै गाह्रो



**टुडे एक्सप्रेस** / धर्मेन्द्र कुमार साह

वस्तीकै छेउमा बिधालय छ तर रौतहटको राजदेवी पथरा टोलका डोम बालिकाहरू बिधालय जादैन्न । बिधालय प्रांगणमै बसेपनि डोम वस्तीका कुनै पनि बालिका बिधालय जादैनन् । राजदेवी नगरपालिका वार्ड नम्बर १ मा रहेको करिब १२ घर परिवार रहेको उक्त वस्तीमा ३७ बाल बालिका रहेको छ । तर तिनीहरू कहिले बिधालय जादैन्न । छोराहरू कहिले काही बिधालय गए पनि बालिकाहरू भन्ने कहिले बिधालय गएको छैन । अति बिपन्न र अभावमा रहेका ति वस्तीहरूको बालिकाहरू कहिले पढ्न पाएका छैन ।

रौतहट जिल्लाकै परोहा नगरपालिकाको वार्ड नम्बर ८ मा ६० घर मुसहर वस्ती रहेको छ । तर सो टोलका कुनै पनि बालिका बिधालय गएको छैन । बिधालय पढ्ने उमेर समुहका अधिकांश बालिकाको बिबाह हुने तथा तिनीहरू घरमा कुरुवा भइ बस्नु परेकोले तिनीहरू बिधालय जान नपाएको हो । ६० घर परिवारको बसोवास रहेको सो टोलमा बिधालय उमेरका करिब २०० बाल बालिकाहरू रहेका छन् । ति मध्ये ४ जना बालक बिधालय जाने गरेको छ । सो मुसहर वस्तीको छेउमै आधारभूत बिधालय छ तर ति वस्तीलाई बिधालय शिक्षाले छोएको छैन । स्थानिय बिरेन्द्र माझीको छोरा २ कक्षामा पढ्छन । उनले आफ्नो छोरा पढाए पनि गरिबी र अभावको कारण वस्तीका बालिकाहरू पढ्न नपाएको बताउछन । गाउका केहि बालिकाहरूको विद्यालयमा नाम लेखाए पनि घरकै काममा सघाउनु पर्ने भएकाले उनीहरू बिधालय जान पाउँदैनन्। सोहि टोलमा करिब ७ घर डोम वस्ती छ । ति परिवारहरूमा बिधालय जाने उमेर समुहका १३ जना बाल बालिका भए पनि बिधालय जाने एक जना पनि छैन । अझै चिन्ताजनक कुरा त् के छ भन्ने ति परिवारका बालकहरू पनि दैनिक दारु खाने गर्छन । सामान्यतया १० - ११ बर्ष देखि बालिकाहरू दारु खाने गरेको देखिएको स्थानिय सामाजिक कार्यकर्ता बिनिता पटेलले बताईन । उनले सामान्य प्रयासले अति बिपन्न र महा दलित मानिएका मुसहर तथा डोम बाल बालिकालाई बिधालयमा ल्याउन नसकिने बताउछन । इश्नाथ नगरपालिकाको वार्ड नम्बर २ मा एक मुसहर वस्ती रहेको छ । औरिया हिमालिवास जोड्ने मुख्य सडक खण्डको छेउमै करिब ३५ घर परिवार मुसहरको वस्ती हो । रमकलिया देवी मूसहरानी सो टोलका स्थानिय वाहि हुन् । सो वाटिका कुनै पनि बालिका बिधालय नपुगेको उनले बताइन । उनले गरिबी, अभाव तथा बिधालयमा हुने दुर्ब्यबहारका बिधालयमा पढाउन नसकिएको बताउछन । उक्त मुसहर वस्तीमा रहेका बिधालय उमेर समुहका करिब आधा भन्दा धेरै बालिका बिबाहित हुन् ल सो टोलका केहि बालकहरू बिधालयमा भर्ना भएपनि उनीहरू पनि बिधालयमा टिक्न नसकेको देखिएको छ । स्थानिय संगीता साह समावेशी तथा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न स्थानिय स्तरमा खटेकी एक सामाजिक कार्यकर्ता हुन् । उनको बिचारमा अन्य बालबालिकाको स्तरमा पुर्याउन तथा मुसहर बाल बालिकालाई बिधालयमा टिकाई राख्न अतरिक्त कक्षाहरूको ब्यबस्थापन गर्नु पर्नेमा जोड दिन्छन । उनि मुसहर बालिकालाई बिधालयमा भर्ना गर्न तथा भर्ना भएका केटीहरूलाई बिधालयमा टिकाई राख्न बिसेस पहल आवस्यक रहेको बताउछन ।

"अधिकांस मुसहर र डोम परिवार बिपन्न हुन्छन ,दैनिक काम गर्ने र खाने परिवार , त्यस्ता परिवारका बाल बालिकालाई पढाउनु पर्ने राज्यको जिम्मेवारी पनि हो , यस अर्थमा उनीहरूलाई बिधालयमा टिकाइ राख्नु पनि एक चुनौती हो " सामाजिक कार्यकर्ता तथा शिक्षाकै क्षेत्रमा काम गर्दै आएका कामदेव यादव बताउछन । उनको अनुभवमा अधिकांश दलित परिवारहरू गरिबीको कारण बताउने गरेको छ । ति वस्तीहरू संगै जिल्लाभरि मुसहर बालबालिकाको अवस्था उस्तै छ । पढ्ने रहर भएर पनि कतिपय बस्तीका बालबालिका विद्यालय जान सकेका छैनन । पढेर के हुन्छ र भनेर अभिभावक प्रश्न गर्छन । जिल्लाभरि मुसहर बस्तीमा भर्ना अभियानले सार्थकता नपाएको गुनासो पनि छ । स्थानिय दलित नेता राम पुकार दास ले 'भर्ना गरेर मात्र हुन्छ र ? 'उसको घरको अवस्था के छ ? विद्यालय जाने हैसियत छ कि छैन । खै राज्यले बुझ्ने काम गरेको ?' भन्दै आक्रोश पोखे । एक तथ्यांकका अनुसार जिल्लाभरि मुसहर समुदायको २ हजार ५६ घरधुरी रहेको छ । महिला पुरुष, तथा बालबालिकाको संख्या १३ हजार ७ सय ९६ रहेको छ । ति मध्ये साक्षरको संख्या जम्मा ६ सय ३५ मात्र छन् ।

# प्रदेश २ सभाको सातौं अधिवेशन २ दिनमा ३ बैठक बसेर अन्त्य




**टुडे एक्सप्रेस** / धनुषा

प्रदेश २ को प्रदेश सभाको सातौं अधिवेशन ३ दिनमै अन्त्य गरिएको छ । गत बुधबारदेखि सुरु अधिवेशन शुक्रबार रातिदेखि लागू हुनेगरी अन्त्य गरिएको छ । प्रदेश प्रमुख हरिशंकर मिश्रले नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम असोज २२ गते शुक्रबार रातिबाट लागू हुनेगरी सातौं अधिवेशन अन्त्य हुने घोषणा गरेको पत्र प्रदेश सभालाई पठाएको प्रदेश सभाका सचिवालयका सचिव रञ्जित यादवले बताए ।

फाइल तस्बिर

प्रदेशसभामा प्रदेशको राजधानी तोक्ने प्रस्तावसहित १३ विधेयक छलफलको क्रममा रहेको यादवले बताए । सातौं अधिवेशनको पहिलो बैठकमा मुख्यमन्त्री लालबाबु राउतले विश्वसको मत र दोस्रो बैठकमा प्रदेश प्रमुखको कार्यालयबाट फिर्ता गरिएको दुई विधेयक पारित गरी प्रदेश सभाको सातौं अधिवेशन अन्त्य गरिएको हो ।

लामो समयको अन्तरालपछि बसेको प्रदेशसभाको सातौं अधिवेशनबाट प्रदेशको नाम र राजधानी टुंगो लगाउन सांसदहरूले माग गरेका थिए । अधिवेशन सुरु भएको पहिलो बैठकमा शुभकामना दिने सांसदहरूले प्रदेशको नाम र राजधानी तोक्न नसक्दा चौतर्फी आलोचना भएको भन्दै सातौं अधिवेशनबाटै नाम र राजधानी टुंगो लगाउन प्रदेशसभा संसद् सचिवालय र सरकारलाई आग्रह गरेका थिए । प्रदेशसभा बैठक नबस्दा संसद्को विषयगत समिति समेत नेतृत्वविहीन छ । सभापतिविहीन भएको संसदीय समितिको बैठक समेत प्रभावित भएको छ । सार्वजनिक लेखा समिति, प्राकृतिक स्रोत तथा वातावरण समिति र कृषि तथा भूमि व्यवस्थापन समिति सभापतिविहीन छ । यसैबीच प्रदेशसभाका विषयगत समितिहरूको सदस्य फेरबदल गरिएको छ । प्रदेशसभा सदस्य रामकिशोर प्रसाद यादवलाई सार्वजनिक लेखा समितिमा, सुरेश मण्डललाई कृषि तथा भूमि व्यवस्था समितिमा, ज्ञानेन्द्रकुमार यादव र सरोजकुमार सिंह कुशवाहालाई प्रदेश मामिला समितिमा राखिएको छ । लोसपा संसदीय दलका नेता जितेन्द्र सोनललाई प्राकृतिक स्रोत तथा वातावरण समितिमा र अभिराम शर्मालाई सार्वजनिक लेखा समितिमा र डिम्पलकुमारी झालाई अर्थ तथा योजना समितिमा राखिएको छ ।

प्रदेशसभा सदस्य सिंहाशन साह कलवारलाई कृषि तथा भूमि व्यवस्थापन समितिबाट सार्वजनिक लेखा समितिमा, बबिता कुमारीलाई सार्वजनिक लेखा समितिबाट प्रदेश मामिला समितिमा, प्रह्लाद गिरी गोस्वामीलाई प्रदेश मामिला समितिबाट सार्वजनिक लेखा समितिमा र जानकीशरण साहलाई सार्वजनिक लेखाबाट प्राकृतिक स्रोत तथा वातावरण समितिमा ल्याइएको जानकारी शुक्रबार प्रदेशसभा बैठकमा सभामुखले जानकारी गराएका थिए ।



ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य

## आजको राशिफल

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

**वृष :** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।

**मिथुन :** (का, कि, कु, घ, ङ, छ, के, को, हा) परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्नेछ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट :** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

**सिंह :** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाइ 'नेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

**कन्या :** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ ।

**तुला :** (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खरावी रहला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

**वृश्चिक :** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभकार्य को चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु :** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशी लताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

**मकर :** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**कुम्भ :** कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिन :** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आज को समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

# भारतीय आइस क्रिम गौर आउा थाले पछि गौरका आइस क्रिम ब्यबसायी मर्कामा




**टुडे एक्सप्रेस** / धर्मेन्द्र कुमार साह

२३ अशोज २०७८

सिमा नाका खुले संगै भारतीय आइस क्रिम ब्यापारीहरू गौर आउँ थाले पछि गौरका आइस क्रिम ब्यापारीहरू मर्कामा पर्न थालेको छ ।

सिमावर्ती बजार बैरगीनियामा बन्ने आइस क्रिम सिमा खुले संगै गौर बजारमा बिक्रि हुन् थालेको हो । भारतीय ब्यापारीहरूले आइस क्रिम सोझै नेपाल ल्याएर बेच्ने गरेको र त्यो स्वाभाविक रुपमा सस्तो हुने गरेको नेपालका एक ब्यबसायी राजेश यादवले दुख व्यक्त गरे । उनले नेपालमा आइस क्रिम बनाउने कच्चा पदार्थ नमिल्ने तथा भारतीय बजारहरूबाट समान ल्याउदा भन्सार हुदै ल्याउनु परेकोले आइस क्रिम बनाउदा महंगो पर्न गएको बताए । तर भारतीय बजारमा पाउने आइस क्रिममा थप कुनै शुल्क नलागेको र खुल्लम खुल्ला नेपाल भित्रि रहेको ले चुनौती थपिएको बताए । "ब्यबसाय गर्दा मुल्यको प्रतिस्पर्धा गर्न नसकिने भयो । सदरमुकाम आसपास रहेका करिब १ दर्जन आइस क्रिमका कम्पनीहरू नराम्री प्रभावित भएको छ " उनले बताए । भारतीय ब्यापारीहरू साइकल सहित आइस क्रिम ल्याउने गरेको छ । दसैंको मुखमा कारोवार हुने समयमै भारतीय ब्यापारीहरूले बजारमा प्रभाव बढीको छ । गौरमा ब्यापार गर्दै आएको कुन्दन मुखियाले भारतीय ब्यापारीहरू आए संगै कारोवार घटेको बताउछन । उनले दैनिक ३ हजार देखि ३५ सय सम्मको ब्यापार हुदै आएको भए पनि पछिल्लो समयमा ब्यापार घटेको बताए ।

# वीरगन्ज नाकाबाट सवारी साधनको आयात बढ्यो



**टुडे एक्सप्रेस** / पर्सा

चाड पर्व नजिकिएपछि वीरगन्ज नाका हुँदै हलुका सवारी साधनको आयात ह्वात्तै बढेको छ । दसैं तिहार जस्ता चाड पर्वमा नयाँ सवारी साधन खरिद गर्ने चलन र बिक्रेताहरूले पनि यीनै पर्वको मौका छोपेर अफर ल्याउने भएकाले पनि जीप, कार जस्ता सवारी साधनको आयात साबिकको भन्दा झण्डै चार गुणाले बढेको छ ।

वीरगन्जस्थित एकीकृत सुरक्षा जाँच चौकीमा भारत तथा तेस्रो मुलुकबाट आयातित सवारी साधन ।

वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले १ साता यता जिप, कार जस्ता सवारी साधनको आयात उकालो लागेको बताए । 'साता यता साविकको भन्दा तीनदेखि चार गुणा बढी जिप, कार जस्ता हलुका यात्रु बाहक सवारी साधनको आयात बढेको छ,' उनले भने, 'तिहारसम्मै यो क्रम जारी रहने हाम्रो अनुमान छ ।' साताअघि सम्म दैनिक औसत २० वटा सम्म जीप,कार जाँचपास हुने गरेकोमा हालका दिनहरूमा भने दैनिक ६० देखि ८० वटा सम्म जीप, कार जाँचपास भइरहेको उनले बताए । हाल दैनिक औसत ७८ करोड रुपैयाँ राजश्व यो भन्सारले संकलन गरिरहेको पौडेलले बताए । जुन साविकको भन्दा झण्डै डेढ गुणा बढी हो ।

वीरगन्ज नाका मुलुककै सर्वाधिक बढी सवारी साधन आयात हुने नाका हो । भारत तथा तेस्रो मुलुकमा निर्मित सवारी साधन पनि यो नाका हुँदै आयात हुने गरेका छन् ।

# भ्रष्टाचार गर्नेमाथि छानबिन गर्न अध्यक्ष नेपालको आग्रह

**टुडे एक्सप्रेस** / रासस

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारलाई भ्रष्टाचारको छानबिन गर्न आग्रह गर्नुभएको छ। एकीकृत समाजवादी काभ्रेपलाञ्चोकको जिल्ला पार्टी कार्यालयको उद्घाटन एवं विजयादशमी, शुभदीपावली, नेपाल संवत् र छठपर्वको अवसरमा आज आयोजित शुभकामना आदान-प्रदान तथा चियापान कार्यक्रममा उहाँले सरकारमा बस्नेले गलत बाटोमा जान छुट नभएको उल्लेख गर्दै भ्रष्टाचार गर्नेलाई जोसुकै भए पनि कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभयो।

केपी शर्मा ओली सरकारको पालामा भएका यती, कोरोना महामारीको बेलामा भएको औषधि खरिदलगायत धेरै मुद्दाको ढाकछोप गर्ने कोसिस भएको बताउँदै उहाँले राज्यको सम्पत्तिको दुरुपयोग गर्नेलाई एक-एक छानबिन गर्ने काम गर्न आग्रह गर्नुभयो। "संसारका देशमा प्रधानमन्त्रीदेखि जुनसुकै ओहोदाका व्यक्तिलाई पनि राज्यको सम्पत्तिको दुरुपयोग गर्छ र भ्रष्टाचार गर्छ भने त्यसमाथि छानबिन हुन्छ", उहाँले भन्नुभयो, "तर यहाँ कुनै पनि छानबिन भएन, त्यसतर्फ ध्यान दिन प्रधानमन्त्री र वर्तमान सरकारलई म आग्रह गर्न चाहन्छु।" सो क्रममा उहाँले आफ्नो पार्टी लोकतान्त्रिक विधि र तरिका अवलम्बन गर्न चाहेको बताउँदै पार्टीबाट मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको मन्त्रीलाई पनि राम्रो काम गरेर देखाउन र यदि गलत काम गरेको खण्डमा त्यहाँ राखिने छैन भनेर प्रस्ट भनिसकेको बताउनुभयो।

"यदि भनेजस्तो काम गरेन भने कारबाही गर्दै मन्त्रीबाट हटाइनेछ", उहाँले भन्नुभयो, "भ्रष्टाचार, अनुचित काम गर्ने र देशलाई आँच पुर्‍याउने खालका काम गर्नेलाई छुट दिन सकिदैन।" उहाँले आफ्नो पार्टीबाट मन्त्री भएकालाई आइतबार बोलाएको बताउँदै सो क्रममा थप निर्देशन दिने उहाँले बताउनुभयो। उहाँले सरकारमा बस्नेलाई गलत काम गर्न छुट नभएको उल्लेख गर्दै यसअघिको ओली सरकारका पालामा देशको ढुङ्गा, गिट्टी, बालुवा सबै भारत निकासी गर्न छुट दिएर चुरेभावर क्षेत्र बिजोग हुने र पर्यावरणमा असर पार्ने अवस्था बन्दै गएको बेला आफूले त्यसको रोक लगाउन आवाज उठाएको स्मरण गर्नुभयो।

गणतन्त्रको खिसिट्युरी गरेकाले सरकार ढालेको र अझै पनि त्यस्तै व्यवहार देखाए पार्टीमा पनि समस्या उत्पन्न हुने बताउँदै कर्णाली प्रदेशमा आफू नेतृत्वको पार्टी सरकारमा सामेल भइसकेको बताउनुभयो। अब बागमती प्रदेश र प्रदेश नं १ मा छिट्टै नै आफू नेतृत्वको पार्टीको नेतृत्वमा सरकार बन्ने निश्चित भएको उहाँले बताउनुभयो। त्यससँगै सुदूरपश्चिम प्रदेशमा आफू नेतृत्वको पार्टी एक नम्बरको भएको र प्रदेश २ मा एकीकृत समाजदावी पार्टी एमालेभन्दा अगाडि रहेको दाबी गर्नुभयो।

पार्टी विस्तारै मजबुद हुँदै गएको दाबी गर्दै उहाँले नेता, कार्यकर्तालाई आफ्नो तह र जिम्मेवारीलाई अवलम्बन गर्न



निर्देशन दिनुभयो। पाँच दलको गठबन्धन सरकार भएको जस्तै अब हुने स्थानीय तहको निर्वाचनमा गठबन्धन सरकारमा रहेका दललगायत अरु दलसँग सुमधुर सम्बन्ध राख्दै सहमति गरेर अगाडि बढ्न उहाँले निर्देशन दिनुभयो। सो क्रममा उहाँले विदेशी वस्तुले बजार ओगट्न थालेकाले त्यस्तो अवस्थालाई आफ्नो पार्टी बन्द गर्न चाहेको बताउँदै युवालाई व्यावसायिक सीप, ज्ञान, पूँजी र बजार उपलब्ध गराएर उत्पादनमा अग्रसर गराउने काम गर्न आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईंले अघिल्लो सरकारले गरेको गलत कामका विरुद्धमा सङ्घर्ष गरेर गुम्न लागेको उपलब्धिलाई रक्षा गर्नका लागि हिम्मतका साथ अगाडि बढेर गरेको प्रतिगमनविरुद्धको आन्दोलनको नेतृत्व गरेको भन्दै माधवकुमार नेपालको प्रसंशा गर्नुभयो। कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य कान्छाराम तामाङले विचारले नै सबै चिजको निर्धारण गर्ने भएकाले विचारसहित पार्टी गठन गरेर नेपालले सही निर्णय गरेको बताउनुभयो। जुनसुकै दलको नेतृत्वमा सरकार बने पनि दलितहरूले कहिल्यै पनि न्याय पाउने अवस्था नबनेको बताउनुभयो। कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का नेता एवं पूर्वसंविधानसभा सदस्य तेजबहादुर मिजार, कांग्रेसका जिल्ला सभापति मधुप्रसाद आचार्य, एकीकृत समाजवादीका नेता शिवबहादुर देउजा र जिल्ला उपाध्यक्ष वसुन्धरा हुमागाईंले शुभकामनासहितको आफ्नो धारणा राख्नुभएको छ। सो क्रममा एकीकृत समाजवादीका अध्यक्ष नेपालले बनेपा नगरपालिका-७ रेडक्रस चोकमा स्थापना गरेको जिल्ला पार्टी कार्यालयको उद्घाटन गर्नुभएको छ।

# एमालेका युवा नेता मिन रहपाल समाजवादीमा प्रवेश

**टुडे एक्सप्रेस** / जनकपुरधाम

२३ गते असोज।


नेकपा एमालेका युवा नेता मिन रहपाल नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) मा प्रवेश गर्नुभएको छ।

दुई दशक देखि नेकपा एमालेको विभिन्न तहमा रहेर समाजिक क्षेत्रमा काम गरिरहनु भएका रहपाल पछिल्लो समयमा एमाले अध्यक्ष केपी शर्मा ओलीको व्यवहारले असन्तुष्ट भई पार्टी परित्याग गर्नुभएको थियो। पार्टी भित्र एकात्मक रुपमा काम गर्ने प्रबृद्धिका कारण एमालेका अध्यक्ष ओलीको व्यवहारले पार्टी भित्रका सबै वर्ग समुदायलाई समान रुपले नहेरेको कारण अन्य धेरै नेताहरू सो पार्टी त्यागेका हुन। एमाले त्यागेर नेपाल कम्युनिष्ट



पार्टी (एकिकृत समाजवादी)मा प्रवेश गर्नुभएका युवा नेता रहपाल महोत्तरी जिल्ला कमिटिको सचिवालय सदस्य र सो पार्टीकै नेपाल दलित मुक्ति संगठनका प्रदेश नं. २ का अध्यक्ष तथा केन्द्रिय सचिवालय सदस्यको दायित्वमा रहनु भएको छ।

# गाउँमा दसैँको चहलपहल, सदरमुकाम सुनसान



**टुडेएक्सप्रेस** / डोटी

दसैं नजिकिँदै गर्दा जिल्लाका विभिन्न गाउँमा चहलपहल बढेको छ। जिल्ला सदरमुकाम सिलगढी तथा पुरानो क्षेत्रीय सदरमुकाम दिपायल, राजपुर तथा जिल्ला सदरमुकाम सिलगढी भने सुनसान बन्दै गएको छ।

यहाँका जिल्ला सदरमुकाममा अध्ययन गर्ने विद्यार्थी, कर्मचारी व्यापार व्यवसाय गरी बस्ने व्यापारी तथा कतिपय सरकारी कर्मचारी जिल्ला बाहिरिएपछि सदरमुकाम सिलगढी तथा पुरानो क्षेत्रीय सदरमुकाम दिपायल सुनसान बनेको हो।

रोजगार, अध्ययन र अन्य कामका लागि गाउँबाट बहिरिएकाहरू चाडबाडका लागि अहिले धमाधम गाउँमा फर्किन थालेपछि यहाँका ग्रामीण बस्तीमा भने निकै चहलपहल छाएको बोगटान फुडि्सल गाउँपालिकाका स्थानीयवासी दीपकबहादुर बोहराले बताउनुभयो। उहाँले भन्नुभयो, "कामको सिलसिलामा गाउँ छोडेर गएका अहिले धमाधम गाउँ फर्किन थालेपछि यहाँका गाउँमा दसैँको निकै चहलपहल बढेको छ, तर सहर बजार भने खाली हुँदै गएका छन्।"

जिल्लामा कोरोना जोखिमको खासै समस्या नदेखिएपछि अहिले यहाँका गाउँघरमा दसैँका लागि आउने तथा नयाँ लुगा किन्नेहरूको भीड लाग्ने गरेको छ। यहाँका गाउँघरमा अहिले सञ्चालन भइरहेका गाडीहरूमा स्थानीयवासीले भरीभराउ हुने गरेका छन्। जिल्लामा कोरोना जोखिमबाट जोगिन स्थानीय प्रशासनले सबैलाई सजग रहन आग्रह गरे पनि नागरिकले प्रशासनको आग्रहलाई पालना गरेको खासै देखिएको छैन। प्रमुख व्यापारी केन्द्रमा व्यापार व्यवसाय गर्ने व्यक्तिहरू प्रायः जिल्लाबाहिर तथा गाउँमा बसोबास गर्ने नागरिक भएका कारण पनि उनीहरू गाउँ गएकाले पनि यहाँको जिल्ला तथा पुरानो क्षेत्रीय सदरमुकामका बजार करीब सुनसान बनेको दिपायल पिपल्लास्थित हिरा ट्रेडर्स तथा सप्लायर्सका सर्वजित देउवाले बताउनुभयो। उहाँले भन्नुभयो, "बजारमा व्यापार गर्नेहरू प्रायः सबै मान्छे आ-आफ्ना गाउँ फर्किन थालेका छन्, बजारमा व्यापारसमेत घटेको छ।" यहाँका बजारमा व्यापार व्यवसाय गर्ने आधाभन्दा बढी ग्रामीण क्षेत्रका विभिन्न गाउँबाट आएका छन् भने कतिपय जिल्लाबाहिरबाट आएर व्यापार-व्यवसाय गरिरहेका छन्। उनीहरूसमेत अधिकांश पसल बन्द गरेर गाउँ फर्केपछि यहाँको बजार अहिले सुनसान हुन थालेको हो। उता चाडपर्वका साथमा जिल्लामा अप्रिय घटना नहोस् भन्दै जिल्लामा शान्तिसुरक्षाको अवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी शङ्करबहादुर विष्टले बताउनुभयो। उहाँले भन्नुभयो, "चाडबाडमा हुने घटनाको अवस्थालाई दृष्टिगत गरी हामीले शान्तिसुरक्षाको अवस्था मजबुद बनाएका छौं, कुनै अप्रिय घटना हुन दिने छैनौं।" अहिले यहाँका बजारभरिमा सुरक्षाकर्मी मात्रै देखिने गरेका छन्। सदरमुकाम बाहिरका गाउँमा भने चहलपहल निकै बढ्नाका साथै ग्रामीण क्षेत्रका दजनौं गाउँमा चर्खे र लिङ्गे पिङले रमाइलो बढाएको जोरायल गाउँपालिका-५ गड्सेराका स्थानीयवासी निराजन विष्टले बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँमा निकै रमाइलो भएको छ, गाउँबाट बाहिरिएका सबै गाउँघर फर्किंदैछन्, अहिले त यहाँका गाउँ बजारभन्दा कम छैनन् दसैंका लागि हालिएका पिङमा रमाइलो गर्ने झनै बढेका छन्।" गाउँमा चहलपहल भएसँगै यहाँका ग्रामीण क्षेत्रका पसलमा व्यापार-व्यवसाय पनि निकै फस्टाएको स्थानीयवासी बताउँछन्। यस्तै यहाँका ग्रामीण क्षेत्रमा रहेका पुराना दरबार, कोट तथा भगवतीका मन्दिरमा दैनिक हुने पूजापाठ समेतले गाउँको रौनक छुट्टै बनाएको छ। यहाँका निरौलीकोट, धुर्कोकोट, जोरायल, गड्सेरा, बोगटान, बडिकेदारमा रहेका कोट तथा भगवतीका मन्दिरमा घटस्थापनादेखि नै पूजापाठ गर्नेको भीड लाग्ने गरेको छ। सबै कोटमा एक सातासम्म पूजापाठ गरेर नवमीका दिन पञ्चबलि दिइने चलन रहेको छ। पहिला सधैँ सुनसान लाग्ने यहाँका गाउँमा अहिले निकै रमाइलो र चहलपहल बढेको स्थानीयवासी बताउँछन्। पछिल्लो समय यहाँका गाउँ घर सडक सञ्जालले छोएसँगै उपभोक्ताले खोजेका सामग्री गाउँमै पाइन थालेपछि गाउँका बजारमा दिनहुँ भीड लाग्ने गरेको हो। अधिकांश गाउँलाई सडक यातायातले छोएका कारण पनि स्थानीयवासी अहिले धमाधम आफ्ना गाउँघर फर्किन थालेका हुन्। पिपल्ला, दिपायल, राजपुर, सिलगढीमा दसैंको सामग्री किनमेल गर्नेहरूले अहिले जिल्लाकै ग्रामीण बजारमा किनमेल गर्ने गरेका स्थानीयवासी बताउँछन्। दसैंसँगै गाउँमा सांस्कृतिक कार्यक्रमको रौनकसमेत बढ्दै गएको छ। स्थानीय युवा क्लब र काठमाडौंमा बस्ने गरेका यहाँका कलाकारले गाउँ फर्केका बेला रमाइलो गर्ने उद्देश्यले एक दर्जन गाउँमा दसैंको अवसर पारेर सांस्कृतिक कार्यक्रम आयोजनासमेत गरिरहेका छन्।

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (0४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आ"खा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (0१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आ"खा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (0४४-)


| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

### भुमाफियााहरूको चलखेलको कारण...

भुमाफियााहरूको चलखेलको कारण जनकपुरधाम दिन प्रतिदिन बदनाम हुदै गइरहेको छ। जनकपुरधाममा गुठि संस्थानको मात्र नौ हजार आठ सय त्रिचालिस बिगहा जग्गा रहेकोमा अहिले सबै नियाल्ने हो भने तिन सय बिगहा जग्गा पनि बाकि रहेको छैन। यस्मा भु माफियाहरूको मनोबल दिन प्रति दिन बढदै गएको कारण यो सरुवा रोग जस्तै अब गाउमा फैलिन थालेको छ। हिजो भुमाफियाको चर्तिकला भन्ने शिर्षकमा उल्लेख भएको पनि यहि कारण हो। यस्तै धट्ना धनुषा थुप्रै घट्ना घटेको हामीसंग प्रमाणहरू आइ सकेको छ। जुन बिस्तारै यहाहरू समक्ष आउदै छ। तर भुमाफियाहरूलाइ कानुनि दायरामा नल्याए सम्म यो प्रबृति गाउ गाउ मात्र हैन परिवार परिवारमा स्थापित हुंदै गएको कारण घरेलु हिन्सा समाजिक अपराधिकरण प्राकृतिक न्यायको सिध्दान्त मौलाउंदै गएको खण्डमा समाज आक्रान्त हुदै जाने सम्भवना बढ्दै गएको छ। अझ यस्ता ब्यक्तिहरूको संरक्षण जिल्ला स्थित नेपाल सरकारको प्रतिनिधित्व गर्ने सरोकार बालाको मिलि भगत भएकै कारण झन मनोबल बढ्दै गएको छ। यस्को समाधान भनेको अपराधिलाइ कार्यवाहिको दायरामा ल्याउने नै हो भने जग्गा प्रशासन,स्थानिय प्रशासन,अदालत र दोषिलाइ कडा सजाय नपाए सम्म यो क्रम बढदै समाजिक अपराध बढने छ।

# अन्तरसांस्कृतिक सञ्चार पर्व



डा.कुन्दन अर्याल



नेपालमा सबैभन्दा व्यापक रूपमा मनाइने पर्व दशैं सुरु भइसकेको छ। अबका झण्डै दुई साता राष्ट्रिय परिचायक बनिसकेको दशैंमा नेपाली रमाउने छन्। बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक नेपालमा दशैंले धार्मिक पर्वभन्दा पनि बढी साझा सांस्कृतिक स्वरूप ग्रहण गरिसकेको छ। अन्तरसांस्कृतिक सञ्चारका दृष्टिले दशैं सम्पूर्ण देशवासीबीच उत्साह र शुभकामना आदानप्रदान गर्ने साझा अवसरका रूपमा स्थापित छ। सञ्चार र यातायातको दृष्टिले अति अविकसित अवस्थामा रहेको बेलामा दशैं प्रत्यक्ष पारिवारिक वा सामुदायिक मिलन र संवादका लागि झनै महत्तवपूर्ण थियो। नेपाली राजनीतिमा समेत दशैंलाई संवादको वृत्त फराकिलो बनाउने अवसरमा उपयोग गरिँदै आएको देखिन्छ। दशैंका बेला गाउँ, बस्ती वा साना सहरमा हुने मित्र मिलन समारोहदेखि राजधानीमा गरिने ठूला-ठूला चियापानसम्मका आयोजना अन्तरसांस्कृतिक र प्रत्यक्ष राजनीतिक संवादका उदाहरण हुन्। त्यसैले सञ्चारका दृष्टिले दशैं सद्भावको संवाहक हो। ठूला-ठूला राजनीतिक जमघट र प्रत्यक्ष संवादले मिडियामा विस्तारित रूपमा समय र स्थान पाएपछि दशैंको सञ्चार र सद्भावको ध्येयको अझ विस्तार हुने गरेको छ। एकातिर आज संसारभरि नै विविधतालाई समाज विकासका लागि महत्त्वपूर्ण आधार मानिएको देखिन्छ। अर्कोतिर अन्तरसांस्कृतिक परिवेशलाई भत्काउँदै भाषिक र सांस्कृतिक विविधतालाई अस्वीकार गर्न खोजिएको पनि देखिन्छ।

यही शताब्दीको सुरुवातपछि समेत अन्तरसांस्कृतिक द्वन्द्व चर्काउन मिडियाको दुरुपयोग गरिएको समेत देखिएको छ। त्यसैले मिडियामार्फत हुने आमसञ्चारसहित सबै तहका सञ्चार प्रक्रियामा अन्तरसांस्कृतिक संवेदनशीलता जरुरी छ। कतिपय देशमा आज हरेक नागरिकलाई अन्तरसांस्कृतिक संवाद र सद्भावका लागि प्रेरित गर्ने गरिएको पनि देखिन्छ।

यही कारण कैयौं विश्वविद्यालयमा पत्रकारिताको पाठ्यक्रममा अन्तरसांस्कृतिक सञ्चारलाई समाहित गरिएको हो। आमसञ्चारका साधन वा आमसञ्चारका वाहक र आमनागरिक समेत केवल आफ्नो सांस्कृतिक रीतिरिवाजलाई मात्र उपयुक्त नदेखुन् र अन्य सांस्कृतिक जीवनलाई हेयको दृष्टिकोणले नहेरुन् भन्ने ध्येयसाथ अन्तरसांस्कृतिक सद्भावलाई बढाउन नै अन्तरसांस्कृतिक सञ्चारको विधालाई फराकिलो बनाईंदैछ।

नेपालको सन्दर्भमा पुस्तौंको अभ्यासपछि आजको मितिसम्म आइपुग्दा दशैंको सद्भावको साझा पर्वका रूपमा बन्न गएको छवि उल्लेखनीय छ। सांस्कृतिक, धार्मिक र भाषिक विविधता भएको नेपाली समाजमा दशैं आममानिसका लागि भेटघाट, सद्भाव र सञ्चारको मौलिक पर्वका रूपमा आउने गरेको छ। यस पर्वलाई मनाउने तौरतरिकामा पनि भिन्नता देखिन्छन्। तर गर्मी र वर्षापछिको हिउँदको सुरुवातकालीन आनन्दमयी मौसममा मनाइने यो पर्व आमरूपमा सबै नेपालीको उल्लासको अवसरका रूपमा चिनिँदै आएको छ। मानव-सञ्चारबाट अपेक्षा गरिने एउटा महत्तवपूर्ण भूमिका भनेको समाजलाई जोड्ने वा आममानिसबीचको सद्भाव कायम राख्ने नै हो। अन्तरवैयक्तिक, सामूहिक वा आमसञ्चारको अत्यन्त महत्त्वपूर्ण भूमिका यही हो। सबै तहको सञ्चारका क्रममा यो विषयमा ध्यान पु-याउनै पनि पर्छ। नेपाली समाजमा दशैंले भेटघाटको अवसर, नियमित कामबाट फुर्सदको समय र सद्भावको आदानप्रदान गर्ने मौका रूपमा समाजको सेतुका रूपमा सञ्चार-भूमिका निर्वाह गर्दै आएको छ। चाड पर्व, जात्रा, खेलकुदजस्ता मानव गतिविधि सञ्चार वृत्तलाई फराकिलो बनाउने माध्यम हुन्। सद्भाव र शुभकामना सञ्चारको सम्बन्ध विकसित गर्ने आयाम हुन्। सञ्चार भनेको केवल कुनै जानकारी कुनै व्यक्ति वा समुदायसम्म पु-याउनु मात्र होइन। सञ्चारको दोस्रो महत्तवपूर्ण आयाम भनेको सम्बन्धको सुरुवात वा निरन्तरता पनि हो।

सञ्चारले त अलग-अलग व्यक्ति वा फरक-फरक समुदायबीचको सम्बन्ध कस्तो छ भन्ने समेत देखाउँछ। अर्को शब्दमा भन्दा सुसम्बन्धलाई बलियो बनाउनसमेत सञ्चार नै आवश्यक पर्छ। समुदाय र समाजको उद्भव र निरन्तरताका लागि अन्तरवैयक्तिक, समूहगत वा आमसञ्चारजस्ता सबै तहका सञ्चार जरुरी हुन्छ। त्यही कारण सबैले समानताका आधारमा पाउने निर्वाध सञ्चारको अधिकारलाई लोकतान्त्रिक शासन व्यवस्थाको आधार भनिएको हो। कुनै खतरनाक परिमाणबाट त्रसित नभई सार्वजनिक सरोकारका विषयमा स्वेच्छाले हरेक नागरिकले आफ्नो कुरा राख्न पाएको खण्डमा मात्र पूर्ण लोकतन्त्रको अनुभूति हुन सक्छ। आफ्नो अभिव्यक्तिले अरूका लागि तत्कालै प्रष्ट रूपमा खतरा निम्त्याउने किसिमको भने हुनु हुँदैन। विख्यात जर्मन दार्शनिक हाबरमासले लोकतान्त्रिक व्यवस्थाको निरन्तरताका लागि जायज ढङ्गले जनमत बन्न सक्ने वातावरण हुनुपर्छ भन्नुको अर्थ पनि यही हो। उनी सार्वजनिक बहसमा सङ्लग्न आलोचनात्मक स्वर निर्वाध गुञ्जन सक्ने वृत्तको परिकल्पना गर्छन्। उनको सार्वजनिक वृत्तमा जनमतको निर्माण हुने क्षमता हुन्छ। त्यस्तो वृत्तमा विना भेदभाव सबै नागरिकको पहुँच वा निर्वाध बहस गर्ने अधिकार हुन्छ। भेला हुन पाउने र सङ्गठित हुन पाउने स्वतन्त्रताका साथै अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्दै आमनागरिकले आर्थिक तथा राजनीतिक नियन्त्रण विना सार्वजनिक चासोको विषयमा छलफल गर्न सक्ने वृत्त लोकतन्त्रमा मात्र सम्भव हुन्छ। कुनै बेला सार्वजनिक वृत्तलाई प्राचीन ग्रीक सहरहरूको अगोराजस्तो कुनै भौतिक स्थलका रूपमा बुझिन्थ्यो। जहाँ नागरिकहरू भेला भएर विभिन्न सार्वजनिक सरोकारका विषयमा छलफल गर्दथे। तर आजको युगमा आमसञ्चारका विभिन्न साधनले सार्वजनिक वृत्त उपलब्ध गराइरहेका छन्। यो कुरा बेग्लै हो, स्वयं हाबरमास मिडियाले सिर्जना गर्ने सार्वजनिक वृत्त सारभूत रूपमा अपेक्षाकृत सशक्त हुँदैन भन्ने ठान्छन्। अन्तरसांस्कृतिक सञ्चार वा विभिन्न भाषा र संस्कृतिका वाहक समुदायहरूबीचको आपसी संवाद कतिपय बेला असमझदारीमा पुग्ने खतरा रहन्छ। चाड, पर्व वा सांस्कृतिक आयोजनाहरूलाई विवादमा पारेको समेत देखिन्छ। त्यसैले आफ्नो रीतिरिवाज वा चाड पर्वलाई मात्र असल देख्ने र आफूले बुझेको संस्कृतिको मापदण्डका आधारमा अरूको सांस्कृतिक अभ्यासको आकलन गर्ने प्रवृत्ति गलत हुन्छ। बरु विविध धर्मावलम्बी वा संस्कृतिका वाहकहरूको पर्व र रीतिरिवाजलाई सम्मानका दृष्टिले हेर्ने परिपाटी भयो भने विभिन्न समुदायबीच सद्भावको सञ्चार हुन सक्छ। अन्तरसांस्कृतिक सञ्चारलाई सौहाद्र बनाउने पहिलो सूत्र यही हो। आजका सचेत र व्यावसायिक आमसञ्चार माध्यमहरूले यस विषयमा पर्याप्त ध्यान पु-याउने गर्छन्।

शान्ति, विकास र अमनचयनका लागि अन्तरसांस्कृतिक सञ्चारको महत्तव देख्ने क्रममा ध्यान पुर्‍याइने अर्को विषय हो, एकोहोरो सोचबाट उन्मुक्ति। कतिपय बेला एउटा सांस्कृतिक समुदायका सदस्यले अर्को भाषिक वा सांस्कृतिक समुदायको व्यक्तिलाई निरन्तर कुनै पूर्वाग्रह ग्रसित आँखाले वा एकोहोरो सोचबाट प्रभावित भएर व्यवहार गर्नु गलत हो। झन् आमसञ्चार माध्यमहरू नै यस्तो स्टेरियोटाइपको मानसिकताबाट ग्रसित भएको अवस्थामा सञ्चार नै सद्भावको शत्रुका रूपमा देखापर्न सक्छ। एउटा संस्कृतिले तय गरेको मापदण्डबाट अर्को सांस्कृतिक व्यवहारको आकलन गर्न थालियो भने मनोवैज्ञानिक बाधाहरू उत्पन्न हुने खतरा हुन्छ। त्यस्ता बाधाहरूले अन्तरसांस्कृतिक सद्भाव र सञ्चारलाई प्रोत्साहित गर्दैन। अनेक गलत मानसिक तस्बिर बनाउँदै एउटा समुदाय अर्को समुदायको विरुद्धमा देखापर्न सक्छ। भौतिक दूरी, भाषिक भिन्नता र सामाजिक मूल्य वा मान्यताका कारणसमेत एउटा समुदाय अर्कोबाट टाढा देखिएको हुन सक्छ। तर आमसञ्चार माध्यमका संवेदनशीलताका अतिरिक्त साझा चाड-पर्वहरूले पनि प्रभावकारी रूपमा अन्तरसांस्कृतिक सञ्चारका अवरोधहरूलाई पन्छाउन सक्छन्। दशैंले नेपालमा अन्तरसांस्कृतिक सद्भाव र संवेदनशीलताको साझा आधार तयार गरेको छ। त्यसैले दशैं अन्तरसांस्कृतिक तथा सशक्त सामाजिक सञ्चारको पर्व पनि हो।

नेपालका उनान्साठी आदिवासी जनजाति समुदायहरूको जीवनमा जेजस्तो ऐतिहासिक-राजनीतिक कारणले भए पनि दशैंले महत्तवपूर्ण स्थान पाएको छ। नेपाललाई साँचो अर्थमा सबै जातजाति र संस्कृतिको साझा फूलबारीका रूपमा अघि बढाउने ध्येय अघि सारिएको विद्यमान परिवेशमा यसलाई सकारात्मक रूपमा बुझिनु उचित हुन्छ। समग्र नेपाली जनताको यस्तो साझा आकाङ्क्षालाई दशैंले मौलिक सांस्कृतिक पर्वका रूपमा अघि बढाउँदै आएको छ। व्यवहार दशैंलाई विविधताबीचको एकताको परिचायकका रूपमा अङ्गीकार गरिँदै आएको छ। दशैंको यो अन्तरसांस्कृतिक सञ्चार वा साझा भावनाको आदान प्रदानको अभ्यास नेपाली समाजको सौहार्द वातावरणको एउटामहत्त्वपूर्ण आधार हो।

# लैङ्गिकताको कसीमा नेपाली सांस्कृतिक पर्व



मथुरा खनाल

प्रत्येक चाडपर्वको आफ्नै महत्तव हुन्छ। मिठो खाने, राम्रो लगाउने, रमाइलो गर्ने र उपवास (व्रत) बस्ने आदि सबै चाडपर्वका विषेशताहरू हुन्।

नेपालमा मनाइने पर्वहरू नागपञ्चमीबाट सुरु हुन्छ। जस्तै : जनैपूर्णिमा, गौरा, कृष्णजन्माष्टमी, हरितालिका तीज, ऋषिपञ्चमी, नवदुर्गा, दशैं, तिहार, छठ र होली आदि पर्छन्। नागपञ्चमीको दिन नागको पूजा पुरुषले गर्नुपर्छ भन्ने मान्यता रहेको पाइन्छ। यसमा सर्पदंशबाट कसैलाई पनि गाह्रो नपरोस् भनेर सर्पहरूका राजा नागको पूजा गरिन्छ। यस्तोमा त सबैले (महिला, पुरुष) नागको पूजा गर्दा पनि हुनुपर्ने हो तर किन पुरुषले गर्नुपर्छ भन्ने मान्यता रहेको होला ? आजभोलि नागका चित्र छपाइ भएर बजारमा किन्न पाइन्छ।

पहिला त्यस्तो सुविधा थिएन। हातैले बनाइएका नागका चित्र टाँसिन्थे। हाम्रो गाउँमा पण्डितबाबाहेक कसैले नाग बनाउने र टाँस्ने गर्दैन थिए। जनैपूर्णिमामा पुरुषले जनै फेर्ने तथा मान्यवरबाट पूजा गरेको रक्षाबन्धनको धागो बाँध्ने गरिन्छ। महिलाले जनै लगाउने चलन किन नबनाएको होला ? रक्षाबन्धन बाँध्दा महिलालाई किन देब्रेहातमा मात्र बाँध्ने बाध्यता बनाइएको होला ? फेरि मान्यवर त महिला पनि त हुन्, किन पुरुषले मात्रै रक्षाबन्धनको धागो बाँधिदिने चलन भए होलान् ? यस्तो काम अरू ठाउँमा कुनै महिलाबाट भयो कि भएन होला ? श्रीकृष्णजन्माष्टमीमा कृष्ण भगवान् त सबैका हुन् तर प्रायः महिला मात्रै व्रत बस्ने गरेको पाइन्छ। यति मात्र कहाँ हो र ? महिला त धेरैजसो बार, एकादशी, औंसी, पूर्णिमा र अन्य पर्वमा पनि प्रायः व्रत बस्ने गरेको पाइन्छ।

स्वास्थ्यका लागि उपवास वा व्रत बस्नु लाभदायक नै हुन्छ।

तथापि पानी पनि नपिउने गरी श्रीमान्को दीर्घायुका लागि, धर्म, मोक्ष प्राप्त गर्न ग्यास्ट्रिक नै हुने गरी लगातार धेरै दिन व्रत गर्ने महिला पनि धेरै नै पाइन्छ। आजभोलि साउन महिनाको सोमबारका दिन निलाहार व्रत बस्ने चलन बढ्दो पाइन्छ। यसमा साना साना नानीको पनि आशक्ति बढेको देखिन्छ। तथापि बाबुले शिव मन्दिर धाएको देख्न त्यति पाइँदैन। अचम्म के छ भने महिला मात्र किन यति विधि लागेका होलान् ? पुरुषले पनि त राम्रा श्रीमती पाऊँ भनी श्रीमतीको सुस्वास्थ्यको कामना गरेर व्रत बसेर मन्दिर जाने गरेको देख्न पाए कति रमाइलो लाग्थ्यो होला ? आखिर समृद्ध समाज निर्माणका लागि महिला तथा पुरुष दुवैको मन मिल्ने राम्रो जोडी मिल्नु र सुस्वास्थ्य तथा दीर्घजीवी हुन त्यतिकै जरुरी हन्छ।

सुदूरपश्चिममा मनाइने गौरा पर्वमा पनि महिलाले नै व्रत बसी कुवाबाट तामाको भाँडोमा पानी ल्याएर पञ्चबिरुडा भिजाएर सफा गरिएको घरको कुनामा राख्छन्। षष्ठीको दिन गाउँका कन्या कुमारीहरू नै खेतमा गएर धानसँगै उम्रेका सावाघाँस, कुश, ऐँसेलु, बेलपत्र र बलजस्ता घाँसबाट गौरादेवीको मूर्ति बनाउँछन्। विवाहित महिलाले उपवास वा व्रत बसी सगन, फाग, गीत र डेउडा गाउँदै नाकको टुप्पोदेखि सिउँदोभरी टीका लगाएर शिव महादेव र पार्वतीको पूजा गर्ने र रातभर जाग्राम बस्ने चलन छ। पूजा गर्दा जम्मा भएका फलफूल आकाशमा फाल्ने र त्यो छोपेर खाएमा छोरा जन्मिने मान्यता भएकाले गर्भवती महिलाका श्रीमान् त्यो छोप्न हानथाप गर्ने चलन छ। पछि नाचगान गर्दा भने पुरुष पनि सहभागी हुने चलन रहेको पाइन्छ। गौरा पर्व मनाउनका लागि पनि महिलाले नै दैनिक कामको अतिरिक्त दुई-तीन दिनका लागि बस्तुभाउलाई घाँसपात पुऱ्याउनुपर्ने हुन्छ तर सबै काम सम्पन्न गरेर घरको व्यवस्था मिलाउने यस्ता महिलाको भने जन्म होस् भनेर माथिबाट खसेको फल समाउन कसैले हानथाप नगर्ने किन होला ? हाम्रो समाजमा छोराप्रतिको यस्तो आशक्ति कहिलेसम्म रहने होला ?

तीजलाई महिलाको पर्वका रूपमा हेर्ने गरिन्छ तर घर गएका छोरीबुहारीलाई माइत जान पाउने हो कि होइन भन्ने तनाव भइरहन्छ। जान पाउने भएमा घरको चाँजोपाँजो मिलाएर मात्र जान पाइने हुन्छ। दैनिक घरधन्दाको कामबाहेकका ढिकीजाँतोको काम, खेतीपातीको काम, बस्तुभाउका लागि एक हप्तालाई पुग्ने घाँसपातको जोहो गरेर मात्र फुत्कन पाइने हुँदा करिब १५ दिन अगाडिबाट नै कामको धपेडी परिराखेको हुन्छ। पहिले पहिले मोटर बाटोको विकास त्यति भइनसकेको अवस्थामा त माइती जान पनि पूरा एक दिन हिँड्नुपर्ने हुन्थ्यो। वर्ष दिनमा तीन-चार दिनका लागि पाएको बिदामा पनि तीजको दिनमा त उनै श्रीमान्को दीर्घायु र सुस्वास्थ्यको कामना गरेर व्रत बसेर मन्दिर जाने चलन, जति निलाहार बस्न सक्यो त्यति राम्रो हुन्छ भनी शरीरलाई चाहिने पानी पनि नपिउँदा कतिपय महिला दिदीबहिनी बेहोस भएको पनि सुन्नमा आउँछ। आखिर मिठोचोखो खाने दिनमा त पुरुष पनि बराबरी सहभागी भएका हुन्छन्। अब फेरि ऋषिपञ्चमीको कुरा त झन् महिनावारी हुँदा नजानेर वा झुक्किएर कतै छोइछुतो भएको भएमा पाप कटाई पाउँ भनी खाली पेटमा नदीमा गई एक सय आठ पटक नुहाउने, एक सय आठवटा दत्तिवन चपाएर दाँत सफा गर्ने र ऋषिमुनीहरूको पूजा गर्ने प्रचलन विद्यमान रहेको छ। सरकारद्वारा पनि यस दिनमा महिला कर्मचारीलाई बिदा दिने चलन भर्खरैसम्म थियो। कहलिएका ठूला हस्पिटलमा काम गर्ने नाम चलेका विद्वान् डाक्टरले पनि नछुनी भएको कति दिन भयो भनेर सोध्ने चलन वर्तमानमा पनि छ। यसो गर्दा महिनावारीमा महिलाले छोइछुतो गर्न हुन्न भन्ने मान्यतालाई प्रश्रय मिलेको देखिन्छ। श्रीमतीलाई सन्चो नहुँदा, मेरो लागि दीर्घायु र सुस्वास्थ्यको कामना गरेर व्रत बस्दा मबाट कुनै सहयोग नभएकोमा, कहिलेकाहीँ मद्यपान गरी घरमा आएर श्रीमतीलाई जानीजानी कुटेर घाइते बनाएकोमा, यौनहिंसा गरेकोमा क्षमा पाऊँ भनी यस्ता खालका पूजा आराधना गर्ने, मन्दिर जाने, व्रत बस्ने पर्व छोरा मानिसका लागि किन भएनन् होला ? दशैंमा पनि दैनिक खेतीपाती, बस्तुभाउको व्यवस्थापनबाहेक सोह्रश्राद्ध र नौरथाका लागि घर लिपपोत गर्नेदेखि ढिकीजाँतो, कपडा धुने, दुनाटपरी जुटाउने, पूजा सामग्री तयार गर्ने, निम्तारुदेखि पण्डितबाजेलाई छुट्टाछुट्टै खाना तयारी गर्ने सबै काम महिलाकै जिम्मामा पर्छ। यति धपेडीसाथ काम गर्नुपर्ने हुन्छ कि उनीहरूले फुरौला उफ्रिए जसरी खट्नुपर्ने हुन्छ। पर्व मनाउनुभन्दा पनि कसरी काम फत्ते गर्ने भनी शरीरलाई यस्तो गतिमा चलाउनुपर्ने हुन्छ कि उनीहरूका लागि कुनै योगाभ्यासको जरुरत नै पर्दैन। यति गरेर श्रीमान्, छोराछोरी, सासुससुरा, देवर, जेठाजु, नन्द र अमाजू, छरछिमेक र इष्टमित्रलाई चित्त बुझाउने महिलाको श्रीमान्भन्दा अगावै मृत्यु भएमा श्राद्ध गर्न नपर्ने चलन बनाइएको छ तर श्रीमान्को अगाडि नै मृत्यु भएमा श्रीमतीले बाचुञ्जेल सेतो पहिरनमा बसी मिठोचोखो र पोषणदार परिकार, खाना त्यागनुपर्ने चलन विद्यमान छ। छोराछोरीका लागि आमा र बुवाको भूमिका बराबरी नै हुन्छ। त्यसमा पनि आमाको दुःख कति मात्रामा बढी हुन्छ भन्ने कुरा छोरी मान्छेलाई आफू आमा बनेपछि मात्र थाहा हुन्छ। पुरुषको मात्र श्राद्ध गर्ने प्रचलन कसरी भए होला ? तिहारमा पनि भाइपूजाका लागि सबै खाले तयारी गर्न महिलालाई धपेडी परेको हुन्छ। दाजुभाइ र दिदीबहिनीमा हार्दिकता हुनु असाध्यै राम्रा पक्ष हुन्। हार्दिकता सबैले सबैका लागि गर्नु जरुरी हुन्छ। भाइटीका नामकरण भएसँगै यसको महिमा पुरुषको मात्र चाड हो भन्ने हाम्रो समाजको बुझाइ रहेको छ। दिदीबहिनीलाई घरधन्दासहित १५ दिन अगाडिदेखि नै रोटी-मिठाई बनाउने, घर सफा गर्ने, फूलमाला, उपहारका सामग्री तथा भाइटीकाको जोहो गर्ने चटारोका साथै काग पूजा गर्ने, नर्के फाल्ने, कुकुरतिहार तथा गाईपूजा, लक्ष्मीपूजा गर्ने जिम्मेवारीले गर्दा प्रत्येक पल धपेडीमा बितेका हुन्छन्। उनीहरू न त देउसी खेल्न पाउँछन् न त हेर्न नै। यता पुरुष भने १५ दिन अगाडिदेखि नै जुवातासमा जम्नुका साथै भैलो खेल्ने मनोरञ्जनमा रमेर समय बिताउँछन्। श्रीमान्हरू समयमा खाना खान पनि नआइदिँदा महिला भोकभोकै काममा खटिएका हुन्छन्। यता छठ पर्वमा त झन् महिला कति दिनदेखि सरसफाइ र घर शुद्धतामा लागिपरेका हुन्छन्। कति घण्टादेखि निलाहार बसेर चिसो पानीमा डुबेर बस्ने तथा सूर्य भगवान्का लागि जल तथा अर्घ्य चढाएर मात्र पूजाको प्रसाद खाने गर्छन्। होली पर्वमा पनि महिला मिष्ठान्न परिकारहरू बनाउने तथा सरसफाइ र शुद्धतामा खटिराखेका हुन्छन्। विवाहित महिला त घरधन्दामै फुर्सद पाउँदैनन्। इष्टमित्र तथा नातागोताका लागि खाना, परिकार बनाउँदैमा उनीहरूको होली खेल्ने समय नै निस्किँदैन। यसरी मोटामोटी रूपमा चाडपर्वको तौरतरिकालाई हेर्दा महिला फोहोर सफा गर्ने, पुरुषका लागि सबै कुरा तयारी गरी चाडपर्वको रौनकताको व्यवस्था गरिदिने र महिला भएकै कारण पाप कटाउने र अर्को जन्ममा छोरा भएर जन्म लिन पाऊँ भनी पटकपटक उपवास बसेर पूजाआराधना गरिरहनुपर्ने यस्तो परम्परा सिकाउने प्रथा कहिलेसम्म रहला ?

महिला सिर्जनाका स्रोत, ममता र सहनशीलताका खानी, उत्प्रेरणाका स्रोत तथा समाज परिवर्तनका संवाहक हुन्। यिनीहरूको अस्तित्वबिना मानव समाजको परिकल्पनासमेत गर्न सकिँदैन तर हजारौं हजार वर्षदेखि महिला पुरुषप्रधान पितृसत्तात्मक र विभेदकारी स्थितिको सिकार भएर आएका छन्। विश्राम, खाना, मनोरञ्जन, शान्ति र अमनचयन त मानव जाति सबैका लागि उत्तिकै महत्तवको हुन्छ।

आखिर एक रथका दुई पाङ्ग्रा त बराबर चल्नुपर्ने हुन्छ। एउटा पाङ्ग्रा मात्र धेरै गुडेमा त छिट्टै बिग्रिन्छ। यसरी त रथ लामो समय गुड्न सक्दैन होला। परम्परागत रूपमा चल्दै आएका राम्रा चालचलनलाई निरन्तरता दिइनुपर्छ भने विभेदकारी र अन्धविश्वासी परम्परालाई सुधार गर्दै जानुपर्छ।

# बालिकाको मृत्यु भएपछि कर्णाली प्रदेश अस्पताल तनावग्रस्त



**काठमाण्डौ** / टुडे एक्सप्रेस

कर्णाली प्रदेश अस्पताल सुर्खेतका डाक्टरहरूको लापरबाहीका कारण बालिकाको मृत्यु भएको भन्दै पीडित पक्ष आन्दोलित भएका छन्। बालिका मृत्यु भएको विषयमा उचित छानविनको माग गर्दै पीडित पक्षले आन्दोलन गरेको हो।

दैलेखको नारायण नगरपालिका -४ की पूजा कटुवालकी साढे २ वर्षकी छोरी (बालिका) कुसुम कटुवालको गएराती प्रदेश अस्पतालमा मृत्यु भएको थियो। खासै समस्या नभएकी उनको एक्कासि कसरी मृत्यु भयो पीडित परिवारले प्रश्न गरेका छन्। उनीहरूले घटनाको उचित छानविन हुनुपर्ने माग गरेका छन्।

पीडित पक्षले ओभरडोज औषधिका कारण बालिकाको मृत्यु भएको दावी गरेको छ। बालिकाकी आमा पूजाका अनुसार कुसुमको चार दिन अगाडि नाकमा मकैको दाना अड्केको थियो। अलिकति श्वास फेर्न गाह्रो बाहेक अन्य कुनै समस्या थिएन,' उनले भनिन्, 'पछि समस्या आउँछकि भनेर दैलेख अस्पताल ल्याएका थियौं। जिल्ला अस्पताल दैलेखका स्वास्थ्यकर्मीले प्रदेश अस्पतालमा सहज उपचार हुने भनेर लैजान सल्लाह दिएपछि हामीले यहाँ ल्याएका थियौं।'

शुक्रबार बिहानै प्रदेश अस्पतालका एक डाक्टरले बालिकाको स्वास्थ्यावस्था चेकजाँच गरेका थिए। ती डाक्टरले श्वास नलीमा समस्या आएको र प्रदेश अस्पतालमा आइसीयु खाली नभएको भन्दै शिक्षण अस्पताल लैजान सुझाएका थिए। उनी भन्छिन्, 'ती डाक्टरले हामीलाई त्यत्ति मात्र भनेनन् बेड खाली भए यतै राखौंला भनेर समेत भनेका थिए। सोही आशामा हामीले यतै राख्यौं। तर, एक्कासि राती १० बजे डाक्टरहरूले मृत्यु भएको जानकारी गराए।' उनले अचम्म मान्दै प्रश्न गरिन्, 'स्वास्थ्यमा कुनै समस्या नै नभएकी मेरी छोरीको कसरी मृत्यु भयो ? यो स्वास्थ्यकर्मीहरूको चरम लापरबाही हो।'

यता प्रदेश अस्पतालका प्रवक्ता डाक्टर विकास केसीले श्वासप्रश्वासका कारण बालिकाको मृत्यु भएको बताए। बिहान दुबै पक्षबीच छलफल भएको हो। अब उहाँहरूलाई चित्त बुझ्दैन भने प्रशासन मै जानुहुन्छ।'

# सेनाको गौरव बढाउन पछि पर्दैएन : रक्षामन्त्री रिजाल



**काठमाण्डौ** / टुडे एक्सप्रेस

रक्षामन्त्री डा।मीनेन्द्रप्रसाद रजिालले राष्ट्रयि सुरक्षा नीत‌ि राष्ट्रको हतिमा रहने बताएका छन्। वरिाटनगर वमिानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री रजिालले सुरक्षा नीत‌ि सामूहकि सहमतकिो वषिय भएको बताए।

राष्ट्रयि सुरक्षा मस्यौदा समतिमिा वगितमा आफुले पर्न‌ि काम गरसिकेको अनुभव सुनाउँदै उनले सुरक्षा नीतलिाई सामूहकि सहमतकिा आधारमा अघ‌ि बढाउने बताए। मन्त्री रजिालले राष्ट्रयि वपित्तमिा अग्रभागमा रहेर उच्चकोटीको काम गरेको भन्दै नेपाली सेनाको प्रशंसा गरे। नेपाली सेनाको सम्मान र मर्यादा वश्विसामु उच्च रहेको बताउँदै उनले भने, ककनेपाली सेनाको कामबाट वश्विसमुदाय सन्तुष्ट रहेको छ, सेनाको गौरव बढाउन सरकार कहल्यिै पर्न‌ि पछ‌ि पर्दैन।' मन्त्री रजिालले सरकार भर्खर वस्तिार भएको बताउँदै यसले आफ्नो काममा छट्टि गर्त‌ि लनि‌ि वश्विास व्यक्त गरे।

# लुम्बिनी सरकार कृषि मैत्री बन्दै गएको छ : मन्त्री रायमाझी




**काठमाण्डौ** / टुडे एक्सप्रेस

लुम्बिनी प्रदेशका कृषि खाद्य तथा भूमि व्यवस्था मन्त्री सुमन शर्मा रायमाझीले प्रदेश सरकार कृषि मैत्री बन्दै गएको दाबी गरेकी छन्। रिपोर्टर्स क्लब नेपाल लुम्बिनी प्रदेशले बुटवलमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै उनले सरकारले कृषि मैत्री बजेटको व्यवस्था गरेको बताइन्।

उनले विगतमा भएका ठुला-ठुला अनुदानका कार्यक्रमहरू हटाएर वास्तविक किसानले लाभ लिन सक्न कार्यक्रम ल्याउनुपर्नेमा जोड दिइन्।

कार्यक्रममा नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सचेतक निर्मला क्षेत्रीले कोरोना महामारीपछि विदेशमा भएका युवाहरूले स्वदेशमै लगानी गर्न चाहेको बताउँदै उनीहरूलाई सहयोग गर्नुपर्नेमा जोड दिइन्। उनले किसानलाई व्यवसायीकरण गर्नका लागि बजारीकरणको विशेष नीति ल्याउनुपर्ने समेत बताइन्।

# कोरोनाबाट मृत्यु भएकाको परिवारलाई आर्थिक सहयोग

**काठमाडौा** / टुडे एक्सप्रेस

काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिकाले कोभिड-१९ बाट मृत्यु भएका नगरभित्रका नागरिकका परिवारलाई नगद सहयोग प्रदान गरेको छ। नगरपालिकाले शुक्रबार सहयोग रकम वितरण कार्यक्रम आयोजना गरी प्रतिमृतक रु ५० हजारका दरले १८ जनाको परिवारलाई नगद रकम सहयोग प्रदान गरेको हो।

नगरपालिका स्वास्थ्य शाखाका अधिकृत दीपक घिमिरेले नगरपालिकाभित्रका कोभिड-१९ को सङ्क्रमणका कारण उपचारको क्रममा मृत्यु भएकाको परिवारलाई सो रकम वितरण गरेको बताए। कोभिड-१९ को सङ्क्रमणबाट सङ्क्रमित भई जिल्लाभित्रैका अस्पताल तथा जिल्ला बाहिरका अस्पतालमा उपचारको क्रममा पहिलो लहरमा सङ्क्रमण भएर मृत्यु भएको चार र दोस्रो लहरको सङ्क्रमणमा परी मृत्यु भएका २२ गरी २६ जना नगरभित्रका बासिन्दाको मृत्यु भएको स्वास्थ्य शाखाले जनाएको छ।



जसमध्ये १८ जनाको परिवारलाई सहयोग रकम वितरण गरेको र वितरण गर्न बाँकीलाई पनि नाता प्रमाणित र वडा कार्यालयको सिफारिससहित आवश्यक कागजात पुऱ्याएर सम्पर्कमा आउनेलाई छिट्टै रकम वितरण गर्ने जनाइएको छ।

नगरपालिका प्रमुख टोकबहादुर वाइबाले कोभिड-१९ सङ्क्रमणको कारण मृत्यु भएकाको परिवारलाई नगरपालिकाको तर्फबाट सान्त्वनास्वरुप नगद सहयोग प्रदान गरेको बताए। सङ्क्रमणमा परेकालाई बचाउन हरतरहले उपचारको लागि सहयोग गर्दा पनि बचाउन नसकेपछि मृत्यु भएकाको परिवारमा विचल्लीमा रहेकालाई सान्त्वनास्वरुप सहयोग गरेका हौँ, नगर प्रमुख वाइबाले भने, विपद् र समस्यामा नगरबासीको साथमा सधैँभरि नगरपालिका रहेको छ भन्ने उदारहणको लागि पनि यो सहयोग रकम प्रदान गरेका हौँ। नगरपालिकाको नवौँ नगरसभाले नै पारित गरेको निर्णयअनुसार शुक्रबार मृतक परिवारलाई रकम सहयोग वितरण गरेको प्रमुख वाइबाले बताए।

त्यस्तै सङ्क्रमण भएर भेन्टिलेटरमा उपचार गराएका विपन्न बिरामीलाई पनि रु २५ हजारका दरले रकम सहयोग गर्ने भएको वाइबाले बताए।

# रोल्पामा गत हप्तादेखि टेलिकम सेवा अवरुद्ध

**काठमाण्डौ** / टुडे एक्सप्रेस



रोल्पाको पूर्वी भेगमा गत हप्तादेखि टेलिकम टावर नहुँदा सेवाग्राहीले सस्ती भोग्नुपरेको छ। सुनछहरी गाउँपालिकाको गुम्चालमा विद्युत्को ट्रान्समिटर जलेकाले गत हप्तादेखि टेलिकमको सेवा अवरुद्ध भएको हो। गाउँपालिकाका जेलबाङ, सेरम उवा, गामलगायत स्थानका बासिन्दा टेलिकमको सेवा लिनबाट बञ्चित भएका हुन्। टावर कहिले आउने कहिले जाने गर्छ स्थानीयवासी हिक्मत घर्तीले भने।

पहिले सोलारमार्फत विद्युत् सञ्चालन हुने गरेकामा अहिले झन् विद्युत् भएर पनि नियमित सेवा सञ्चालनमा नभएको उनले बताए। सम्बन्धित निकायले चासो नै दिँदैन कहिलेसम्म यसरी बस्ने घर्तीले दुखेसो पोखे। टेलिकम टावर अवरुद्ध भएपछि धेरैपटक विद्युत् र टेलिकमका कार्यालयमा सम्पर्क गरी छिटो मर्मत गर्न पहल गरिएको सुनछहरी गाउँपालिकाका अध्यक्ष आशबहादुर पुनले बताए। 'पटकपटक फोन गरेको छु, म आफैँ पनि कार्यालय पुगेर समस्या बताउँदासमेत तुलसीपुरले हेर्ने हो हामीले होइन भन्ने जवाफ पाइयो।' उनले भने।

उता विद्युत् कार्यालय प्रमुखलाई छिटो ट्रान्समिटर मर्मत कार्य गर्नुपर्यो भनी फोन गर्दा उल्टै थर्काउने गरेको अध्यक्ष पुनले गुनासो गरे। 'तार जलेको छ भन्ने बुझिएको छ' नेपाल विद्युत् प्राधिकरण शाखा कार्यालयका प्रमुख शम्भुप्रसाद मण्डलले भने। टेलिकमका कर्मचारी आएपछि आफूले प्राविधिक पठाउने उनको भनाइ थियो।

'टेलिकमको साइड हो भनेपछि त उसैले उपलब्ध गराउनुपर्यो नि' उनले भने। टावरको जिम्मा तुल्सीपुरको कार्यालयले हेर्ने गरेको दूर सञ्चार कार्यालयका प्रमुख भीष्मध्वज उपाध्यायले बताए। यो मर्मतका लागि उक्त कार्यालयमा चार इञ्जिनीयरको टोली रहेको र उनीहरूले नै हेर्ने भएकाले तुलसीपुरबाट सामानसहित टोली चाँडै आउने समेत उनले बताए।

# गौचनको चौथो स्मृति दिवसमा महासंघमा श्रद्धाञ्जली सभा

**काठमाडौा** / टुडे एक्सप्रेस

नेपाल निर्माण व्यवसायी महासंघका पूर्व अध्यक्ष शरदकुमार गौचनको चौथो स्मृति दिवसको अवसरमा शनिवार महासंघ प्राङ्गण अनामनगरमा श्रद्धाञ्जली सभा आयोजना गरिएको छ। सभामा नेपालको निर्माण क्षेत्रको विकास विस्तारमा स्वर्गीय गौचनले निर्वाह गरेको महत्त्वपूर्ण भूमिकाको स्मरण गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि महासंघका सल्लाहकार तथा पूर्व अध्यक्ष जयराम लामिछानेले नेपाली निर्माण उद्योगमा गौचनको अभाव सधैँ महसुस हुने बताए। त्यस्तै, महासंघका अध्यक्ष रवि सिंहले गौचन नहुँदा समग्र निर्माण उद्योगमा अहिले पनि ठुलो रिक्तता रहेको धारणा राखे। महासंघका निवर्तमान अध्यक्ष विष्णुभाइ श्रेष्ठले निर्माण उद्योगमा गौचनले ठुलो गुन लगाएको चर्चा गरेका थिए भने महासचिव रोशन दाहालले गौचनको जीवनी बारे संक्षिप्तमा प्रकाश पारेका थिए।

श्रद्धाञ्जली सभा अगाडि महासंघ परिसरमा रहेको स्वर्गीय गौचनको अर्ध कदको सालिकमा माल्यार्पण गरिएको थियो। गौचनको २०७४ साल असोज २३ गते नयाँ बानेश्वरस्थित आफ्नो निवासबाट अनामनगरस्थित महासंघ कार्यालय आउने क्रममा उनको निवास नजिकै आपराधिक समूहबाट गोली हानी हत्या गरिएको थियो।



# नेपाल–भारत सीमा नजिक दंगा : गृहमन्त्रीका छोराले गरे आत्मसमर्पण



**काठमाण्डौं** / टुडे एक्सप्रेस

लखिमपुर हिंसाको सातौं दिन मुख्य आरोपी आशिष मिश्रले प्रहरीसमक्ष आत्मसमर्पण गरेका छन्। रुमालले मुख छोप्दै अपराध महाशाखा पुगेर उनले आत्मसमर्पण गरेका हुन्। उनी भारतका केन्द्रीय गृहमन्त्री अजय मिश्रका छोरा हुन्।

मिडिया रिपोर्टका अनुसार १२ वटाभन्दा धेरै पेन ड्राइव बोकेर आशिष प्रहरीसमक्ष पुगेका हुन्। यी पेन ड्राइभमा रहेका भिडियोहरूले उनी घटनाको दिन कहाँ थिए भन्ने प्रमाणित गर्छ। उनले आफु घटनास्थलमा नरहेको र घटनामा आफ्नो संलग्नता नरहेको दाबी गर्दै आएका छन्। आशिषसँग सोध्नका लागि प्रहरीले पनि झन्डै ४० वटा प्रश्नहरू तयार गरिसकेको छ।

**के भएको थियो ?**

भारतको उत्तर प्रदेशस्थित लखिमपुर जिल्ला कार्यालयबाट झन्डै ७५ किलोमिटर टाढा नेपालको सीमा नजिकैको तिकुनिया गाउँमा गत आइतबार हिंसा र आगलागी हुँदा ८ जनाको मृत्यु भएको थियो।

यस गाउँमा रहेको एक स्कुलको कार्यक्रममा सहभागी हुन केन्द्रीय गृहमन्त्री अजय मिश्रा आएका थिए।त्यहीक्रममा किसानहरूले पनि कालो झन्डा देखाउँदै उनको विरोध गरे। त्यसक्रममा मन्त्रीसँगै आएका गाडीहरू धर्नामा बसेका किसानहरूलाई किचेर तेजसँग अघि बढे।

चारजनाको किसानको यसक्रममा ज्यान गयो भने एक दर्जनभन्दा धेरै घाइते भए। त्यस्तै, दुईजना बिजेपीका कार्यकर्ता र दुईजना ड्राइभरको पनि मृत्यु भयो ।

गृहमन्त्रीका छोरा आशिष मिश्रामाथि धर्नाकारीलाई गाडीले कुल्चिएको र एकजना किसानमाथि गोली हानेको आरोप छ।

यस घटनाको समाचार कभरेज गर्नेक्रममा साधन न्युज च्यानलका संवाददाता रतन कश्यपको पनि मृत्यु भएको थियो।

गाडीमा ठक्कर खाएपछि उनी सडक किनारमा रहेको पानीमा डुबेका थिए।

# ईपिएलको उपाधि चितवनले जित्यो



**काठमाडौं** / टुडेएक्सप्रेस

चितवन टाईगर्सले एभरेष्ट प्रिमियर लिग(ईपीएल) २०२१ को उपाधि जितेको छ।

शनिबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको फाइनल खेलमा चितवनले पोखरा राइनोजलाई ४ विकेटले पराजित गर्दै च्याम्पियन बन्न सफल भएको हो।

चितवन टाईगर्सलाई पहिलोपटक उपाधि दिलाउने क्रममा कमलसिंह ऐरीले उत्कृष्ट बलिङ र भीम सार्कीले ब्याटिङ निर्णायक बनेको हो। चितवनका लागि भीम सार्कीले ४५ बल खेल्दै ७ चौका र २ छक्काको मद्दतमा ६३ रन बनाउन सफल भए।

ऐरीले एकै ओभरमा विवेक यादव र लोकेश बमलाई आउट गरेपछि पोखराले १५ ओभरमा १०१ रन बनाउँदा ७ विकेट गुमाउन पुगेको थियो।

त्यसपछि पोखरा राइनोजले चितवन टाइगर्सलाई जीतका लागि ११२ रनको लक्ष्य दिएको थियो। चितवनले १११ रनको लक्ष्य १५.५ ओभरमा ६ विकेट गुमाएर पुरा गरेको थियो।

# भारत बलियो टिम हो, तर हामी डराउदैनौ : मुख्य प्रशिक्षक अलमुताइरी




**काठमाडौं** / टुडेएक्सप्रेस

माल्दिभ्समा भइरहेको साफ च्याम्पियनसिप २०२१ अन्तर्गत आफ्नो तेस्रो खेलमा नेपालले आइतबार भारतसंग प्रतिस्पर्धा गर्दैछ।

शनिबार भएको प्रि म्याच कन्फ्रेन्समा नेपाली टिमका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले भारत बलियो टिम भएको र खेल कठिन हुने बताए। 'भारत बलियो टिम हो तर यसको अर्थ हामी फाइट गर्दैनौं भन्ने होइन। भारतलाई हामी सम्मान गर्छौ। हामी भारतविरुद्ध फाइट पनि गर्छौं' उनले भने।

नेपाल भारतबीचको खेल मालेस्थित नेशनल रंगशालामा नेपाली समय अनुसार खेल राति ९:४५ बजे सुरु हुनेछ। भारतले सर्वाधिक ७ पटक साफको उपाधि जितिसकेको छ।

तर ५ राष्ट्र सहभागी यस संस्करणको साफमा भने भारत सुरुवाती दुवै खेलमा बराबरीमा रोकिएको थियो।

नेपालले भने दुव खेल जितेर ६ अंकसहित शीर्ष स्थानमा छ। भारतविरुद्ध जीत निकाल्न सकेमा नेपाल एक खेलअघि नै फाइनल पुग्नेछ।

यस्तै अलमुताइरीले नेपाल अहिले नै फाइनल नपुगेको भन्दै समर्थकलाई संयमित रहन पनि आग्रह गरेका छन्।

नेपालका कप्तान किरण कुमार चेम्जोङले भारत विरुद्धको खेल महत्वपूर्ण रहेको भन्दै हरेक पाइला सोच विचार गरेर चाल्नुपर्ने बताए।

यस्तै भारतका प्रशिक्षक इगोर स्टिमेकले भारतको लक्ष्य साफ जित्नु नै रहेकोले मानसिकतामा परिवर्तन नभएको बताए। साथै उनले नेपालले राम्रो खेलिरहेको भन्दै ६ अंकका लागि लायक रहेको समेत बताए।

पहिलो खेलमा माल्दिभ्सलाई १-० ले हराएको नेपालले दोस्रो खेलमा श्रीलंकालाई ३-२ ले हराएको थियो। भारत भने पहिलो खेलमा बंगलादेशसँग १-१ र दोस्रो खेलमा श्रीलंकासँग गोलरहित बराबरी खेलेको थियो।

नेपाल २ खेलमा ६ अंक जोडेर शीर्ष स्थानमा छ। बंगलादेश ३ खेलबाट ४ अंकसहित दोस्रो स्थानमा छ। भारत २ खेलबाट २ अंकसहित चौथो स्थानमा छ।

आइतबारै घरेलु टोली माल्दिभ्सले श्रीलंकासंग खेल्नेछ।

# श्रीलंका टापुदेखि वन्यजन्तुको मेलासम्म



**काठमाडौं** / टुडेएक्सप्रेस

कञ्चन हिमाली टाकुरा, भिरालो लेकाली बस्ती, अत्यासलाग्दो झरना, टिलपिल जलकुण्डले हाम्रो आँखालाई मोहनी लगाउँछ। जब-जब दिक्कलाग्दो क्षणबाट उम्केर कुनै मनोहर ठाउँमा विचरण गर्ने सोच बन्छ, तब हामीलाई यस्तै भूगोलले आकर्षित गर्न थाल्छ। प्रकृतिमा रमाउनकै लागि हामी कहिले हिमाली यात्राको योजना बुनिरहेका हुन्छौं, कहिले लेकाली भञ्ज्याङहरूको। कहिले समतल फाँटहरूको त कहिले अनन्तसम्म फैलिएका समुद्री तटहरूको। हुन त हाम्रो मुलुकलाई समुद्रले छोएको छैन। त्यसैले डुब्दो घाममा समुद्री छालहरू हेर्दै आनन्दित हुनका लागि हामीले गोवा वा यस्तै गन्तव्य पहिल्याउनुपर्ने हुन्छ। वर्षेनी हजारौं नेपालीहरू समुद्री सौन्दर्य हेर्न गोवा वा थाइल्यान्ड पुग्ने गर्छन्।

हुन पनि अनन्तसम्म फैलिएको पानीको सतहले मानिसलाई मोहित बनाउँछ। सूर्योदय वा सूर्यास्तको बखत जब त्यो सतहमा सुनौलो घामको प्रतिछाया देखिन्छ, मन यसै हराभरा भएर आउँछ।

यस्तो दृश्य हेर्नका लागि हामीले गोवासम्म पुगिरहनुपर्दैन, बैंककसम्मको उडान भर्नुपर्दैन। कोशी टप्पुले भरपुर मात्रामा यस्तै स्वाद मेट्न सक्छ।

सात वटा कोशीको एउटै रूप, सप्तकोशी। मुलुकमा बग्ने ठूला नदीहरू तमोर, अरुण, दूधकोशी, तामाकोशी, सुनकोशी, लिखु र इन्द्रावती यसैमा आएर मिसिएको छ। यो विशाल जलाशय यस क्षेत्रको खास आकर्षण हुन्। गोधुली साँझमा रैथाने माछाको स्वाद लिदै जलाशयको सौन्दर्य नियाल्नुको आफ्नै मज्जा छ। ढुंगामा सयर गरिरहेका, माछालाई जाल हानिरहेका दृश्य पनि निकै मोहक लाग्छ। विशाल जलाशय, अनन्तसम्म फैलिएको बालुवा। यहाँ पुगेपछि समुद्रीतटकै अनुभव गर्न सकिन्छ। वन्यजन्तुमा रुची भएकाहरूलाई त यो स्वर्ग नै हो। कोशी टप्पुले सयौं वन्यजन्तुलाई सुरक्षित र न्यानो आश्रय दिएको छ।

धेरैलाई थाहा नहुन सक्छ, हाम्रो देशमा पनि टापु छ। तर, कोशी टप्पुको सेरोफेरो अवलोकन गर्नेले सहजै थाहा पाउँछन् यहाँ पनि टापु रहेछ। अनौठो त के भने, उक्त टापुको नाम नै श्रीलंका टापु।

यो टापु सप्तकोशीको मूल प्रवाहले घेरिएको समतल भूभाग हो। सुनसरी र उदयपुरको मध्यमा छ यो। श्रीलंका टापु सुनसरी र उदयपुरका पाँचवटा वडामा फैलिएको छ।

हिँउदमा मुस्किलले गाडी वा पैदलमा यो टापुसम्म पुग्न सकिन्छ। अरू बेला भने डुंगाको भर पर्नुपर्छ। यहाँभित्र तीन हजार परिवार बसोबास गर्छन्।त्यसो त यहाँ राष्ट्रिय चरा महोत्सव पनि मनाइन्छ। यहाँ साइबेरियादेखि घुमन्ते चराहरू आउजाउ गर्छन्। दुर्लभ गिद्ध, डल्फिन, लोपोन्मुख अर्ना (जंगली भैंसी) का लागि पनि यो राम्रो आश्रयस्थल हो। त्यसैगरी २० किसिमका विभिन्न वन्यजन्तु यस क्षेत्रमा पाइन्छन्, हरिण, नीलगाई, बँदेल, अजिंगर आदि। विश्वमा अन्यत्र नपाइने स्वाम प्यास्ट्रिज नामक चरा कोशी टप्पुमा देख्न पाइन्छ।

विश्वमै दुर्लभ चराचुरुंगीसमेत कोशी टप्पुमा पाइन्छन्। यहाँ करिब पाँच सय प्रजातिका चराचुरुंगी पाइने बताइएको छ। नदीको भागसमेत गरी १ सय ७५ वर्ग किलोमिटरमा यसको आरक्ष क्षेत्र फैलिएको छ।

# पत्रकार बन्न धेरै गाह्रो र खतरनाक छ : नोबेल विजेता मारिया

**काठमाडौं** / टुडेएक्सप्रेस

मनिला – यस वर्षको नोबेल शान्ति पुरस्कारबाट सम्मानित फिलिपिन्सकी पत्रकार मारिया रेसाले आफूले प्राप्त गरेको पुरस्कार विश्वका सबै पत्रकारहरूका लागि भएको प्रतिक्रिया दिएकी छन्।

साथै उनले प्रेस स्वतन्त्रताका लागि आफू निरन्तर लडिरहने प्रतिवद्धता व्यक्त गरिन्। "यो वास्तवमै विश्वका सबै पत्रकारका लागि हो," रेसाले भनिन्, "हामीलाई धेरै मोर्चाहरूमा मद्दत चाहिन्छ। र आज पत्रकार बन्न धेरै गाह्रो र खतरनाक छ।"

फिलिपिन्सस्थित न्युज वेबसाइट 'र्‍यापलर' को सहसंस्थापक तथा प्रमुख रहेकी ५८ वर्षीया रेसालाई शुक्रबार रुसका अर्को पत्रकार दिमित्री मुरातोभसँगै संयुक्त रुपमा नोबेल शान्ति पुरस्कारको घोषणा गरिएको थियो।

फिलिपिन्सका प्रेस समूह र अधिकारकर्मीहरूले रेसाको पुरस्कारलाई देशकै विजयको रुपमा प्रशंसा गरेका छन्। फिलिपिन्सका राष्ट्रपति रोड्रिगो दुतेर्ते २०१६ मा शक्तिमा आएदेखि नै रेसा र र्‍याप्लरले सरकारबाट थुप्रै मुद्दा खेप्नु परेको छ। राष्ट्रपति दुतेर्तेले र्‍यापलरलाई 'फेक न्युज आउटलेट' भनेर आरोप लगाउने गरेका थिए।



# विश्वकप छनोटमा जर्मनीको पुनरागमन जित

**काठमाडौं** / टुडेएक्सप्रेस




विश्वकपको युरोपियन छनोट अन्तर्गत शुक्रबार राति भएको खेलमा जर्मनीले रोमानियामाथि पुनरागमन जित हात पारेको छ।

समूह 'जे' को खेलमा एक गोलले पछि परेको स्थिति उल्टाएर जर्मनीले रोमानियालाई २-१ ले पराजित गरेको छ।

खेलको नवौं मिनेटमै इयानिस हागीले गोल गर्दै रोमानियालाई अग्रता दिलाएका थिए। ५२औं मिनेटमा सर्जी जीनाब्रीले जर्मनीका लागि बराबरी गोल फर्काए। ८१औं मिनेटमा थोमस मुलरले जर्मनीका लागि विजयी गोल गरे।

जितपछि सात खेलबाट १८ अंक जोडेको जर्मनी समूह जे को शीर्ष स्थानमा छ। समान खेलबाट १० अंकसहित रोमानिया चौथो स्थानमा छ। यसै समूहको अर्को खेलमा नर्थ मेसेडोनियाले लिचेस्टाइनलाई ४-० ले पराजित गरेको छ। आइसल्याण्ड र अर्मेनियाले १-१ को बराबरी खेलेका छन्। नर्थ मेसेडोनिया १२ अंक जोड्दै दोस्रो स्थानमा उक्लेको छ।

यस्तै समूह 'जी 'को खेलमा नेदरल्याण्ड्सले लात्भियालाई १-० ले पराजित गरेको छ। नेदरल्याण्ड्सका लागि डेभी क्लासेनले एक मात्र गोल गरे। जितपछि सात खेलबाट १६ अंकसहित नेदरल्याण्ड्स समूह जी को शीर्ष स्थानमा छ। अर्को खेलमा नर्वे र टर्कीले १-१ को बराबरी खेलेका छन्। नर्वे १४ अंकसहित दोस्रो र १२ अंक रहेको टर्की तेस्रो स्थानमा छ।

यसैगरी समूह एचको खेलमा क्रोएसियाले साइप्रसलाई ३-० ले पराजित गर्दा स्लोभेनियाले माल्टालाई ४-० र रुसले स्लोभाकियालाई १-० ले पराजित गरेको छ।

क्रोएसिया ७ खेलबाट १६ अंक जोड्दै शीर्ष स्थानमा छ भने समान अंक रहेको रुस दोस्रो स्थानमा छ। स्लोभेनिया १० अंक जोडेर तेस्रो स्थानमा छ।

छापावाल सुन प्रति तोला रु.९२,५००/-
तेजावी सुन प्रति तोला रु.९२,०००/-
चाँदी प्रति तोला रु.१,२६०/-

# दुई जलविद्युत आयोजनाका लागि बोर्डबाट ७३ अर्ब लगानी स्वीकृत



**काठमाण्डौ** / टुडेएक्प्रेस

लगानी बोर्डको शनिबार बसेको ४८ औं बैठकले दुई जलविद्युत् परियोजनाको निर्माण तथा विकास गर्न करिब ७३ अर्ब रुपैयाँ बराबरको लगानी स्वीकृति तथा पूँजीवृद्धि गर्न अनुमति प्रदान गरेको छ।

बोर्डका अध्यक्ष तथा प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार सम्पन्न बोर्डको बैठकले सो निर्णय गरेको हो। लगानी स्वीकृति हुनेमा करिब १०.५ अर्ब रुपैयाँ लगानीको दोलखामा अवस्थित ५६ मेगावाट क्षमताको जुमखोला जलविद्युत् परियोजना र सङ्खुवासभामा अवस्थित हाल निर्माणको चरणमा रहेको ९०० मेगावाट क्षमताको अरुण ३ जलविद्युत् परियोजनामा ६२.२६ अर्ब रुपैयाँको पूँजी वृद्धि गर्न स्वीकृति प्रदान गरेको बोर्डले जनाएको छ।

यसैगरी बैठकले ९०० मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको सन्दर्भमा अध्ययन गरी ४५ दिनभित्र सुझावसहितको प्रतिवेदन बोर्डसमक्ष पेस गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा एक उच्चस्तरीय अध्ययन समिति गठन गरेको छ।

समितिमा अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत र एक विज्ञ सदस्य रहेका छन् भने लगानी बोर्ड कार्यालयका सहसचिव सदस्यसचिवका रुपमा रहने जनाइएको छ।

बैठकले लगानी बोर्डको आव २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, सम्राट सिमेन्ट र माथिल्लो त्रिशूली-१ जलविद्युत् परियोजनाको शेयर खरिद बिक्री सम्झौता स्वीकृत गर्ने लगायतका निर्णयहरू पनि गरेको छ। बैठकमा प्रधानमन्त्री देउवाले विद्युत् खपत वृद्धि गर्नेसम्बन्धी दीर्घकालीन योजना तय गर्दै लगानीको वातावरण बनाउन र छिटोछरितो रुपमा कार्यसम्पादन गर्न सबै निकायलाई निर्देशन दिए।

प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले अघिल्लो बोर्ड बैठकले निर्देश गरेबमोजिम परियोजना तथा संस्थागत विकासका सम्बन्धमा भएका प्रगति र लगानी बोर्डको कार्यालयले अगाडि बढाएका गतिविधिहरूका बारेमा जानकारी गराए। सो अवसरमा अर्थमन्त्री तथा बोर्डका उपाध्यक्ष जनार्दन शर्मा, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गजेन्द्रबहादुर हमाल, वन तथा वातावरणमन्त्री रामसहाय प्रसाद यादव, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेल, नेपाल सरकारका मुख्यसचिव शङ्करदास बैरागी, बोर्डका विज्ञ सदस्यहरू हरिभक्त शर्मा, भवानी राणा, राजेशकाजी श्रेष्ठलगायत नेपाल सरकारका उच्चपदस्थ अधिकारी उपस्थित थिए।

# दसैँका लागि तीन करोडको खसीबोका बिक्री

**काठमाण्डौ** / टुडेएक्प्रेस



दसैँका लागि तनहुँबाट करिब तीन करोड रुपैयाँको खसीबोका बिक्री भएको छ।

जिल्लाका १० सहकारीमार्फत् दुई हप्ताको अवधिमा दुई करोड ८२ लाख ३६ हजार ७९१ रुपैयाँको खसीबोका बिक्री भएका हुन्।

दुई हप्ताको अवधिमा एक हजार ८१७ खसी बिक्री भएका छन्। ती सहकारीले दुई करोड ७९ लाख ८९ हजार २४५ मा कृषकसँग खसीबोका खरिद गरी दुई करोड ८२ लाख ३६ हजार ७९१ रुपैयाँमा बिक्री गरेका छन्। घिरिङ गाउँपालिका-२ भोरकोटस्थित घिरिङसुन्धारा सामाजिक उद्यमी महिला सहकारी संस्थाले २० लाख ६५ हजार चार सय ५९ को खसी बिक्री गरेको अध्यक्ष शारदा आलेले जानकारी दिइन्। सहकारीमार्फत् १५२ खसी बिक्री भएका छन्। घिरिङ गाउँपालिका-५ बेलभञ्ज्याङस्थित भगवतीपुर सामाजिक उद्यमी महिला सहकारीमार्फत् ४३ लाख ९५ हजार ३०० रुपैयाँको खसी बिक्री भएको छ। सहकारीका अध्यक्ष नानुमाया गैह्रेले ३०९ वटा खसी बिक्री भएको जानकारी दिइन्। घिरिङ गाउँपालिका-४ माझकोटस्थित माझकोट महिला विकास बहुउद्देश्यीय सहकारी संस्थामार्फत ५० लाख ३९ हजार ६२४ रुपैयाँ खसी बिक्री भएको अध्यक्ष सङ्गीता रानाले बताइन्। उक्त सहकारीमार्फत ३७२ खसी बिक्री भएको छ।

भिमाद नगरपालिका-२ स्थित अरुणोदय सामाजिक उद्यमी महिला सहकारीमार्फत आठ लाख ७९ हजार ३९० रुपैयाँको खसी बिक्री भएको छ। उक्त सहकारीमार्फत ५६ खसी बिक्री भएको अध्यक्ष सीताकुमारी तिमिल्सिनाले बताइन्। भिमाद नगरपालिका-९ स्थित अतिप्रिय सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत ६३ लाख एक हजार ६४९ को खसी बिक्री भएको अध्यक्ष देवी मुक्तान आलेले बताइन्। सहकारीमार्फत ३२५ खसी बिक्री भएको छ। शुक्लागण्डकी नगरपालिका-१ स्थित दिदीबहिनी कृषि सहकारी संस्थामार्फत पाँच लाख चार हजार ४९५ को खसी बिक्री भएको छ। उक्त सहकारीमार्फत ३६ खसी बिक्री भएको अध्यक्ष नेत्रकुमारी वंशीले बताइन्। व्यास नगरपालिका-८ स्थित शुभदीप सामाजिक उद्यमी महिला सहकारीमार्फत २२ लाख ९४ हजार १४६ रुपैयाँको खसी बिक्री भएको छ। सहकारीका व्यवस्थापक संगीता पौडेलले सहकारीमार्फत १४५ खसी बिक्री भएको जानकारी दिए। व्यास नगरपालिका-१२ स्थित आधारशीला सामाजिक महिला उद्यमी सहकारीमार्फत सात लाख ५८ हजार २१० रुपैयाँको खसी बिक्री भएको छ। सहकारी व्यवस्थापक नवीन सुर्खालीका अनुसार सहकारीबाट ५० वटा खसी बिक्री भएको छ।

सप्तधारा सामाजिक उद्यमी महिला सहकारीमार्फत ३७ लाख ४२ हजार २९० रुपैयाँको खसी बिक्री भएको छ। सहकारीका व्यवस्थापक सरिता थापाका अनुसार सहकारीबाट २४० खसी बिक्री भएको छ।

सुन्दरबजार नगरपालिका-१ स्थित भागिरथी सामाजिक उद्यमी महिला सहकारीमार्फत २२ लाख ५५ हजार ५९८ रुपैयाँको खसी बिक्री भएको छ। उक्त सहकारीबाट १३२ खसी बिक्री भएको अध्यक्ष निर्मला कोइरालाले जानकारी दिइन्। सहकारीले बजारीकरणमा सहयोग पुऱ्याएपछि बाख्रापालक कृषक पनि खुसी भएका छन्। बाख्रापालनबाट घरखर्च चलाउँदै कृषकलाई गाउँघरमै खसी बिक्री गर्ने व्यवस्था भएपछि सहज पनि भएको छ।

बजारको समस्या नभएपछि गाउँमा बाख्रापालन गर्ने कृषकको सङ्ख्या बढेको र बाख्रापालनबाटै कृषक आत्मनिर्भर बन्न सफल भएको भिमाद नगरपालिका-९ का बाख्रापालक कृषक शिवकुमार आलेले जानकारी दिए।

# स्टार्टअपलाई बीउ पुँजी दिन बल्ल छलफल

**काठमाण्डौ** / टुडेएक्प्रेस

काठमाडौँ – नवप्रवर्तन (स्टार्टअप) व्यवसाय प्रवर्द्धन पहिलो पटक आर्थिक वर्ष ०७१/७२ को वार्षिक बजेटमा पऱ्यो।

तर यसबारेको चर्चा दशकअघि नै सुरु भएको हो। नवप्रवर्तनलाई बढावा दिन सहुलियत ब्याजदरमा ऋण तथा बीउ पुँजी उपलब्ध गराउने भन्दै त्यसयताका हरेक बजेटमा यो कार्यक्रम अटाएको छ। तर कार्यविधि नबन्दा लागू हुन त परको कुरा बल्ल कार्यविधिको मस्यौदामाथि छलफल थालिएको छ। चालु आव ०७८/७९ को बजेटमा 'युवा उद्यमीलाई स्टार्टअप व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले परियोजना धितो राखी १ प्रतिशत ब्याजदरमा २५ लाख रुपैयाँसम्मको बीउ पुँजी कर्जा उपलब्ध गराउने' उल्लेख छ। बजेटमा परेको यो कार्यक्रमलाई अर्थ मन्त्रालयले तत्काल कार्यविधि बनाएर साउन १ बाटै कार्यान्वयन गर्ने जनाएको थियो। तर कार्यविधि अझै बनिसकेको छैन।

गत जेठ १५ मा अध्यादेशमार्फत बजेट सार्वजनिक भएलगत्तै स्टार्टअप कर्जा कार्यविधिको मस्यौदा तयार पार्न भन्दै मन्त्रालयले एक कार्यदल गठन गरेको थियो। मन्त्रालयका सहसचिव महेश भट्टराईको संयोजकत्वमा गठित कार्यविधि मस्यौदा कार्यदलमा निजी क्षेत्रका प्रतिनिधिसमेत छन्। कार्यदलले 'नवप्रवर्तन (स्टार्टअप) व्यवसायलाई कर्जा प्रवाह गर्नेसम्बन्धी कार्यविधि २०७८' को मस्यौदा गत साउनमै मन्त्रालयलाई बुझाइसकेको छ।

तर पारित भएर कार्यान्वयनमा भने आउन सकेको छैन। जेठ २४ मा गठित कार्यदलले असारसम्ममा मस्यौदा तयार पार्ने र त्यसलाई साउनबाटै कार्यान्वयन गर्ने मन्त्रालयको तयारी अहिलेसम्म मस्यौदामै अल्झिरहेको छ। शुक्रबार सोही कार्यविधिको मस्यौदामाथि अर्थ मन्त्रालयमा भएको छलफलमा अर्थमन्त्री जनार्दन शर्माले कर्जा पाउने प्रक्रिया सरल र पहुँचयोग्य हुन नसकेको भन्दै आलोचना गरे।

कार्यविधि सरल र छरितो बनाउनसमेत मन्त्रालयका अधिकारीलाई उनले निर्देशन दिए। बोझिलो कार्यविधिले स्टार्टअप व्यवसायको प्रवर्द्धन गर्न नसकिने भन्दै उनले दुर्गम बस्तीका युवाहरूले समेत सजिलै स्टार्टअप कर्जा पाउन सक्ने गरी कार्यविधि बनाउन निर्देशन दिएका हुन्। 'नयाँ व्यवसाय गर्न चाहने युवाहरू कागज हेरेरै निराश हुने खालको झन्झटिलो कार्यविधि नबनाऔं। संक्षिप्त र सरल कार्यविधि बनाएर कार्यक्रम लागू गरौं,'

# दसैँमा इन्टरनेट र टीभी सेवा प्रदायकका कस्ता अफर ?

**काठमाण्डौ** / टुडेएक्प्रेस



यस वर्षको दसैंतिहारलाई केन्द्रित गर्दै नेट, इन्टरनेट तथा टिभी सेवा प्रदायक कम्पनीहरूले आकर्षक उपहार तथा छुट योजना ल्याएका छन्। चलेका ठूला आईटी (प्रविधि) सेवा प्रदायक कम्पनी देखि सामान्य विद्युतिय सेवा प्रदायक कम्पनीहरूले समेत दसैंको मौका छोपेर सकेको उपहार योजना सार्वजनिक गरिरहेका हुन्।

यसमा मोबाइल बैंकिङदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रि मुद्रा विप्रेषण (रेमिट्यान्स) सेवाका कम्पनीहरूले समेत उपहार योजनाहरू ल्याएका छन्। विशेषतः हामीले यहाँ तीन प्रमुख इन्टरनेटसहित टिभी सेवा प्रदाक, फोन पे र केही मनि ट्रान्सफरले ल्याएको उपहार योजनाहरूलाई समेटेका छौं।

**यस्ता छुट तथा उपहार योजना :**

वर्ल्डलिंक : इन्टरनेट प्रदायक कम्पनी वर्ल्डलिंकले दसैं तिहारको अवसरमा पुरानै मूल्यमा दोब्बर स्पीडको इन्टरनेट प्याकेज सहितको परिमार्जित प्याकेज ल्याएको छ। प्रयोगकर्ताहरूलाई मासिक ११ सय रूपैयाँमै ४० एमबीपीएसको तीव्र गतिको इन्टरनेट प्याकेज उपलब्ध गराउने कम्पनीले जनाएको छ। जसमा एउटा नेटटीभी समेत निःशुल्क रुपमा उपलब्ध हुनेछ।

यस्तै कम्पनीले वार्षिक सब्सक्रिप्सन लिने ग्राहकका लागि मासिक १ हजार २०० रूपैयाँमै २ ओटा नेटटीभी सहितको ६० एमबीपीएस इन्टरनेट प्याकेज समेत प्रदान गरेको छ। यही प्याकेज ६ महिने अवधिका लागि खरिद गर्ने ग्राहकलाई भने मासिक १ हजार ४३४ रुपैयाँ पर्नेछ। यसको अतिरिक्त कम्पनीले क्लास अनुसारको मासिक तथा अर्धवार्षिक वा वार्षिक ग्राहक बन्दा प्याकेज हेरी छुट व्यवस्था गरेको जनाएको छ।

सुबिसु केबल नेट : सुबिसु केबल नेटले दशैं अवसरमा आफ्ना ग्राहकमाझ सुबिसु 'दक्षिणा अफर' ल्याएको छ। यस अफर अन्तर्गत कम्पनीले ५० एमबीपीएस इन्टरनेटको वार्षिक सेवा मात्र १३ हजार ९९९ रूपैयाँमै अफर गरेको छ। अन्य जडान शुल्क र कर समेत सोही रकममै समावेश गरिएको कम्पनीले जनाएको छ।

यसका साथसाथै ग्राहकहरूले वार्षिक सेवाको भुक्तानी इ-सेवामार्फत गर्दा थप एक हजार क्यास ब्याक समेत प्राप्त गर्नसक्ने कम्पनी सञ्चालकहरूले बताएका छन्।

भायानेट : अर्को इन्टरनेट तथा केबल टीभी सेवा प्रदायक भायानेटले दसैँको अवसरमा 'बडा दशैंमा बडा स्पीड, बडा टीभी' योजना ल्याएको छ। दशैंमा ग्राहकहरूलाई उही मूल्यमा बढी स्पीड भएको इन्टरनेट र भायाटीभी प्याकेजहरूका साथ ३२ र ५५ इन्चको एमआई एनड्रोइड टीभीमा भारी छुट दिएको छ।

नयाँ तथा पुराना ग्राहकहरूले भायानेटको सुपर स्पीड इन्टरनेट र १७५ प्लस च्यानल भएको भायाटीभीको कम्बो प्याकेजको वार्षिक सदस्यतामा उही मूल्यमा अझ बढी स्पीड पाउन जनाएको छ।

यसैगरी, साओमीसँगको सहकार्यमा भायानेटको इन्टरनेट र भायाटीभी प्याकेजसँगै एमआई एन्ड्रोइड टीभी बन्डल गरेको छ। यस बन्डलको खरिदमा ग्राहकले ३२ र ५५ इन्चको एमआई एन्ड्रोइड टीभीमा २२ प्रतिशतसम्म छुट पाउन सक्नेछन्।

डिसहोम : टेलिभिजन सेवा प्रदायक डिसहोमले चाडवाड विशेष रिचार्ज कार्डमा विशेष छुट योजना ल्याएको छ। टीभीको रिचार्ज कार्ड तथा विभिन्न डिजिटल माध्यममार्फत डिसहोम रिचार्ज गर्दा कम्पनीले ग्राहकलाई २२०० रुपैयाँसम्म अतिरिक्त बोनस प्रदान गरेको छ।

यो योजनासँगै कम्पनीले थप इन्टरनेट ग्राहकलाई मासिक ८९९ मा १०० एमबीपीएस इन्टरनेटको साथमा ५ जि ड्युल व्यान्ड राउटरको प्याकेज समेत उपलब्ध गराउने भएको छ। साथै, डिशहोमको नयाँ कनेक्सन लिने चार जना भाग्यशाली ग्राहकहरू स्पेन घुम्न जान पाउनेछन् भने हरेक नयाँ कलेक्सनमा ग्राहकहरूले २ हजारको ला-लिगा सिजन टिकट पनि निःशुल्क प्राप्त गर्न सकिने छन्।

कनेक्ट आईपीएस : दसैं, तिहार तथा छठ लगायतको चाडपर्वको समयमा कागजी नोटको प्रयोगलाई कम गर्न कनेक्ट आइपीएसले फन्ड ट्रान्सफर सेवा निःशुल्क गरेको छ।

कनेक्ट आइपीएसले मोबाइलबाट गरिने फन्ड ट्रान्सफरलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ कनेक्ट आईपीएसको मोबाइल एप, बैंक वित्तीय संस्थाको मोबाइल बैंकिङ्गमा रहेको कनेक्ट आईपीएस फन्ड ट्रान्सफर तथा कनेक्ट आईपीएस मार्फत मोबाइल वालेटमा गरिने फन्ड लोडलाई असोज २० गते देखि कार्तिक २५ गते सम्म पूर्ण रुपमा निःशुल्क गरिएको जनाएको छ।

आईएमई पे : आइएमई मनी ट्रान्फरले दसैंमा डबलको डबलको डबल अफर योजना ल्याएको छ। जुन योजना अन्तर्गत दोस्रो हप्ताको विजेता समेत सार्वजनिक भइसकेको कम्पनीले जनाएको छ। यस योजना असोज १ गतेदेखि कार्तिक २६ सम्म चल्नेछ।

आई पे : फन्ड ट्रान्सफर आई पे ले दसैं तिहार र छठ पर्वलाई लक्षित गर्दै 'आई पे आयो, दक्षिणा पायो' विशेष योजना ल्याएको छ। यस योजना असोज कम्पनीले असोज १५ गतेदेखि कार्तिक २५ गतेसम्म कम्पनीको पे मार्फत हरेक दिन ५ जना भाग्यशाली विजेताले दक्षिणा स्वरुप ५ हजार रुपैयाँ पाउने जनाएको छ। तर यसका लागि कम्तिमा दुई हजार रुपैयाँ भुक्तानी हुनुपर्ने कम्पनीले जनाएको छ। बम्पर उपहारमा एकजना भाग्यशाली विजेताले दक्षिणा स्वरुप १ लाख प्राप्त गर्नेछन्।

प्रभु मनि ट्रान्सफर : प्रभु मनि ट्रान्सफरले फेस्टिभ अफर सार्वजनिक गरेको छ। प्रभु मनि ट्रान्सफरले दसैं, तिहार र छठको अवसरमा 'प्रभु छ साथमा, नगद उपहार हातमा' योजना अन्तर्गत प्रत्येक दिन १ जनाले ७ हजारका दरले रकम जित्न सक्ने पनि मनि ट्रान्सफरले जनाएको छ। यो योजना सेप्टेम्बर ३० देखि नोभेम्बर १० सम्म संचालन हुनेछ।

इसेवा मनि ट्रान्सफर : इसेवाले दसैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै 'चाड पर्वको बहार, दिनदिनै उपहार' योजना ल्याएको छ। यस योजना अन्तर्गत इसेवा मनि ट्रान्सफर मार्फत रेमिट्यान्स पठाउने व्यक्तिहरू मध्येबाट एकजना भाग्यशाली विजेताले हरेक दिन मिक्सर, हरेक हप्ता रेफ्रिजेरेटर, हरेक महिना स्मार्ट टीभी र बम्पर उपहारमा एक जनाले होन्डाको डियो स्कुटर जित्न सक्नेछन्। यो योजना असोज २ गतेदेखि मंसिर २ गतेसम्म सञ्चालन हुने कम्पनीले जनाएको छ।

वेस्टर्न युनियन मनि ट्रान्सफर : वेस्टर्न युनियनले दसैं र तिहारको अवसरमा 'क्यास उत्सव' योजना ल्याएको छ। यो योजनामा ग्राहकहरूले असोज १ गतेदेखि कार्तिक २५ गतेसम्म साप्ताहिक ड्र र बम्पर लक्की ड्रमार्फत नगद पुरस्कार जित्न सक्नेछन्।


यो प्रबर्द्धनमा सहभागी हुन नेपालमा रहेका वेस्टर्न युनियनका ७ वटा मुख्य एजेन्ट एटीटी रेमिट, सीजी फिन्को, हुलास रेमिट्यान्स, माया रेमिट, नबिल बैंक, डिजिटेक र सूर्य रेमिटबाट रकम प्राप्त गर्न सकिनेछ।

सम्पूर्ण योग्य कारोबार स्वचालित रुपमा साप्ताहिक ड्रमा समावेश हुनेछ। यो योजना अन्तर्गत हरेक हप्ता ५ जना भाग्यशाली विजेताले २० हजार जित्नेछन्। यस बाहेक, प्रबर्द्धन अवधिभर सम्पूर्ण योग्य कारोबारहरू स्वचालित रुपमा बम्पर लक्की ड्र मा समावेश हुनेछन्। मंसिर ६ गते हुने बम्पर लक्की ड्रमा १ जना भाग्यशाली विजेताले ५ लाख नगद जित्न सक्नेछन्।

सिटी एक्सप्रेस मनी ट्रान्सफर : कम्पनीले दशैं, तिहार र छठलाई लक्षित गर्दै 'सिटी आयो लखपति बनायो' उपहार योजना ल्याएको छ। यो उपहार योजना अन्तर्गत लक्की ड्र मार्फत ६१ दिन लगातार हरेक दिन १ जना विजेतालाई १० हजार उपहार प्रदान गर्ने कम्पनीले बताएको छ। साथै हरेक महिना ५ जनालाई १-१ लाख गरी २ महिनासम्म १० जना लखपति बन्न सक्ने पनि कम्पनीले जनाएको छ। कम्पनीका अनुसार यो योजना असोज १ गतेदेखि कार्तिक ३० गतेसम्म लागु हुनेछ।

# चीनमै रोकियो ४० हजार मेट्रिकटन मल

**काठमाण्डौ** / टुडेएक्प्रेस



कृषि सामग्री कम्पनी लिमीटेडले चीनबाट झिकाएको ४० हजार मेट्रिकटन रसायनिक मल पैठारी हुन सकेको छैन।

हिउँदे बालीका लागि झिकाइएको ३५ हजार मेट्रिकटन युरिया र पाँचहजार मेट्रिकटन डीएपीसहित ४० हजार मेट्रिकटन रसायनिक मल पठाउन चिनीयाँ पक्षले तत्परता नदेखाएकाले रोकिएको मलका ठेकेदार सिल्क ट्रान्स्पोर्ट प्रालिका अध्यक्ष रमेश शेर्पाले बताए।

समयमा मल उपलब्ध हुन नसक्दा किसानले हैरानी व्यहोर्दै आएकाले यसपाली समयमै मल झिकाउन लागिएको थियो। चीनबाट भिकाइएको मल चाँडै नै नेपाल पठाउन प्रधान मन्त्रीसमेतले चिनीयाँ दुतावासलाई आग्रह गर्दा पनि सहजीकरण नगरेपछि हैरानी खेप्नुपरेको अध्यक्ष शेर्पाले आरोप लगाए।

# अधिवक्ताहरूले मागे प्रधानन्यायाधीशको राजीनामा











**काठमाण्डौ, /** टुडेएक्सप्रेस

वरिष्ठ अधिवक्ताहरूले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको न्यायिक आचरणमा प्रश्न उठाएका छन्। प्रधानन्यायाधीश जबराको कोटाबाट गजेन्द्रबहादुर हमाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री नियुक्त भएको विषय उठेकाले अधिवक्ताहरूले यसबारेमा प्रधानन्यायाधीश जबराले राजीनामा दिनुपर्नेदेखि महाभियोगसम्मका माग उठेका छन्।

रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै पूर्व महान्यायाधिवक्ता मुक्ति प्रधानले प्रधानन्यायाधीशमाथि प्रश्न उठिसकेकाले यसबारेमा चित्तबुझ्दो जवाफ दिनुपर्ने धारणा राखेका छन्। उनले भने,'उहाँले मात्रै प्रधानमन्त्रीले पनि प्रष्ट पारिदिनुपर्छ। गजेन्द्र हमाल पुरानो काँग्रेसी नेता हो भनेर उहाँले भनेको मैले सुनेको छु। उहाँ नभई किन भएन ? भनेर प्रधानमन्त्रीले भन्नसक्नुपर्यो। यो हाम्रो माग हो। प्रधानन्यायाधीशमाथि प्रश्न उठिसकेको छ। उहाँले चित्तबुझ्दो जवाफ दिनुपर्छ।'

उनले प्रधानन्यायाधीशको कार्यशैली हेर्दा अहिले उठेको विषयमा शङ्का गर्ने ठाउँ रहेको सङ्केत गरे। उनले भने,'उहाँको कार्यशैली हेर्दा, खास गरी केपी ओली प्रधानमन्त्री हुँदा संवैधानिक आयोगको नियुक्तिमा, अध्यादेशमा साक्षी बसेर नियुक्तिहरू भए। संस्थालाई व्यक्तिको स्वार्थअनुसार चलाउन खोज्दा परिणाम त यही हो। उहाँले जतिसुकै होइन भने पनि, नियुक्तिले पुष्टि गरेको छ। उहाँले गरेँ भनेर त भन्नु हुन्न होला। तर, यस्तो प्रश्न उठेपछि के गर्नुपर्छ भनेर उहाँले बुझ्नुपर्छ।' उनले कार्यकापालिकासँग भीख मागेको ढङ्गले कुरा आएकोले प्रधानन्यायाधीशले जवाफ दिनुपर्ने बताए।

# भूमिहीनलाई चुनाव अगाडि लालपूर्जा दिन्छौं : प्रचण्ड




**काठमाडौं /** टुडेएक्सप्रेस

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भूमिहीन सुकुम्बासीहरूलाई चुनाव अगाडि लालपूर्जा वितरण गर्ने दाबी गरेका छन्।

नवलपरासीको पाल्हीनन्दन गाउँपालिकाको मुख्य प्रशासनिक भवन उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले भूमि आयोग बनेको र आफ्नो दलले भूमि व्यवस्था मन्त्रालय लिएको बताए। उनले अघि भने, 'हेर्नुहोला, चुनाव अगाडि लालपूर्जा वितरण गर्छौं।'

ओली सरकारले बनाएको भूमि आयोग विघटन गरेर देउवा सरकारले नयाँ आयोग बनाएको छ। माओवादी केन्द्रको भागमा परेको भूमि व्यवस्था मन्त्रालयमा शशी श्रेष्ठ मन्त्री बनेकी छन्।

कार्यक्रममा प्रचण्डले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई राजनीतिबाटै बाहिर पुऱ्याउने चेतावनी समेत दिएका छन्। आगोसँग खेलेका कारण बालुवाटारबाट बाटकोट पुगेको र प्रदेश सरकारहरू पनि गुमाएको भन्दै उनले भने, '२/४ दिनमा बाग्मती र १ नम्बर प्रदेशबाट पनि जानेछ।'

उनले सत्तारुढ गठबन्धनमा फाटो ल्याउने प्रयास अब असफल भएको दाबी समेत गरेका छन्।

# सुदूरपश्चिमको मुख्यमन्त्री फेर्न माग गर्दै काँग्रेस नेताहरू बालुवाटारमा

**एजेन्सी /** टुडेएक्सप्रेस



नेपाली काँग्रेसले प्रदेश १ र बागमती प्रदेशमा मुख्यमन्त्रीको दाबी छाडेपछि सुदूरपश्चिमका काँग्रेस नेताहरू असन्तुष्ट देखिएका छन्। अब काँग्रेसले सुदूरपश्चिममा मुख्यमन्त्री पाउनुपर्ने माग गर्दै सो प्रदेशका काँग्रेस नेताहरू शनिबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा 'डेलिगेसन' आएका छन्।

सुदूरपश्चिम प्रदेशबाट काँग्रेस संसदीय दलका नेता रणबहादुर रावलको टोली मुख्यमन्त्री फेर्न माग गर्दै बालुवाटार आइपुगेको हो। प्रदेश १ वा बागमतीमा काँग्रेसले आफ्नो दाबी छाडेपछि अब सुदूरपश्चिममा काँग्रेसले मुख्यमन्त्री पाउनुपर्ने रावलले प्रधानमन्त्री देउवासँग माग गरेका छन्।यसअघि प्रदेश १ र वागमती प्रदेशमा नेपाली काँग्रेस र नेकपा (एकीकृत समाजवादी) बीच मुख्यमन्त्रीहरू भागवण्डा गर्ने अघोषित समझदारी भएको थियो। तर, मन्त्रिपरिषद विस्तारका क्रममा आफूहरूले कम मन्त्रालय पाएको माधवकुमार नेपालले गुनासो गरेपछि दुबै प्रदेशमा माधव नेपालको पार्टीलाई मुख्यमन्त्री छाड्न प्रधानमन्त्री देउवा तयार भएका छन्।

हाल सुदुरपश्चिम प्रदेशमा नेकपा माओवादीबाट त्रिलोचन भट्ट मुख्यमन्त्री छन्। उनलाई एकीकृत समाजवादीको समर्थन छ। यसअघि विश्वासको मत लिँदा भट्टलाई नेपाली काँग्रेसले मतदान नगरी तटस्थ बसेको थियो। हाल ५२ सदस्य रहेको सुदुरपश्चिम प्रदेशसभामा एकीकृत समाजवादीका १४, माओवादीका १३ र काँग्रेसका १२ सांसद छन्।

प्रतिपक्षी एमालेसँग १० सांसद छन् भने साना दलका २ सांसद छन्। यसअघि विश्वासको मत लिँदा मुख्यमन्त्री भट्टले ३० मत पाएका थिए। तर, काँग्रेसले उनलाई मत नदिई तटस्थ बसेको थियो। गठबन्धन सरकारको ठूलो दल काँग्रेसले गण्डकी प्रदेश सरकारको नेतृत्व गरिरहेको छ भने माओवादीले सुदुरपश्चिम, कर्णाली र लुम्बिनीसमेत गरी तीनवटा प्रदेशमा मुख्यमन्त्री पाएको छ।

वागमती र प्रदेश १ मा एमालेका मुख्यमन्त्रीहरूले कात्तिक पहिलो साताभित्रै विश्वासको मत लिनुपर्ने बाध्यता छ। पार्टी विभाजनपछि गण्डकी र लुम्बिनीमा सरकारबाट हटेको एमालेले अब बागमती र प्रदेश १ बाट पनि बहुमत गुमाउँदैछ।

# समय छोटो छ तर केही न केही गरेरै छाड्छौं : मन्त्री झाँक्री

**काठमाण्डौ /** टुडेएक्सप्रेस



सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले वर्तमान सरकारलाई सबै नागरिकको सरकार हो भन्ने प्रत्याभूत गराउने प्रतिबद्धता व्यक्त गरेकी छन्। नेकपा (एकीकृत समाजवादी) तनहुँले दसैंका अवसरमा आज दमौलीमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री झाँक्रीले सरकार सबै नागरिकको भएको बताएकी हुन् ।मन्त्री झाँक्रीले पार्टीले आफूहरूलाई दिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने बताइन्।

भ्रष्टाचार, कुशासन, गैरजिम्मेवारीपनको प्रवृत्तिका विरुद्धमा विगतदेखि नै लड्दै आएको र आगामी दिनमा पनि सोहीविरुद्ध लड्ने मन्त्री झाँक्रीले उद्घोष गरिन्। मन्त्री झाँक्रीले समय धेरै नभएकाले जनअपेक्षाअनुसार काम गर्ने बताउँदै भनिन्, हामीसँग समय छैन भनेर बस्ने छुट छैन, समय छोटो छ तर केही न केही गरेरै छाड्छौं।

मन्त्री झाँक्रीले न्यायोचित विकासको पक्षमा रहेर काम गर्ने बताउँदै भनिन्, गुल्मीले मन्त्री पायो भन्दैमा गुल्मीमा मात्रै विकास होइन, जुम्ला र हुम्लामा पनि विकास हुनुपर्छ, न्यायोचित विकासको पक्षमा म छु। मन्त्री झाक्रीले स्मार्ट सिटी मात्र नभई बस्न योग्य सहर बनाउनेतर्फ मन्त्रालयले ध्यान दिने बताइन्।

# स्कारपियोको ठक्करबाट बालकको मृत्यु




**काठमाण्डौ /** टुडेएक्सप्रेस

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सप्तरीको रुपनीमा स्कारपियोको ठक्करबाट घाइते भएका बालकको उपचारका क्रममा आज मृत्यु भएको छ। मृत्यु हुनेमा रुपनी गाउँपालिका-६ बस्ने तुलसी चौधरीका १० वर्षीय छोरा सुशील रहेको प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले बताए। पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना २ च ३७५४ नंको स्कारपियो गाडीले उनलाई ठक्कर दिएको थियो। ठक्करबाट घाइते भएका उनलाई एक निजी क्लिनिकमा सामान्य उपचार गराई घर फर्किने क्रममा मृत्यु भएको प्रहरीको भनाइ छ । यता दुर्घटना गराउने गाडीलाई प्रहरीले नियन्त्रणमा लिएर घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।




**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, ललितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर